# अख्तियार इ-बुलेटिन

बर्ष १६ अंक ३ फाल्गुन, २०७७

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग टगांल, काठमाडौं ।**



## यस अंकमा


- उजुरी दर्ता र कारबाहीको विवरण
- रङ्गेहात कारबाही तथा मुद्दा दायर विवरण
  - २०७७ कार्तिक देखि पुस सम्म रङ्गेहात पक्राउ पर्नेहरुको विवरण
  - २०७७ कार्तिक देखि पुस सम्म दायर मुद्दाहरुको विवरण
  - २०७७ कार्तिक देखि पुस सम्म आयोगबाट पुनरावेदन विवरण
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तीसौं वार्षिक प्रतिवेदन पेश
- आयोग मातहतका कार्यालयहरुको भवन समुद्घाटन
- भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न
- आयोगबाट भएको संस्थागत क्षमता विकास सम्बन्धी अन्य कार्यको विवरण
- आम्दानी खर्च तथा आर्थिक कारोबारसम्वन्धी अद्यावधिक विवरण
- अनुसूचीहरु


### सम्पादकीय


अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक आयोगको रुपमा रहेको छ । सार्वजनिक पद धारण गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा छानविन, अनुसन्धान, तहकिकात एवं अभियोजन गर्ने जिम्मेवारी यस आयोगलाई संवैधानिक रुपमा प्रत्याभूत भएको छ।

सुचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ । आफ्ना काम कारवाही, उपलब्धी र भए/गरेका गतिविधि समेटि विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा ई-बुलेटिनको रुपमा त्रैमासिक प्रकाशित गर्दै आएको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हक सम्बन्धि व्यवस्था छ । सो बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को

क्रमश...

## उजुरीको क्षेत्रगत स्थिति





**प्रकाशन तथा सम्पादन**

**सूचना समन्वय शाखा**

**नीति योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा**

**टंगाल, काठमाण्डौं**


http://www.ciaa.gov.np इमेलः akhtiyar@ntc.net.np फोन नं. ०१-५२६२१५१,०१-४२६२११९ फ्याक्स नं. ९७७-१-५२६२१२८

## आयोगका पदाधिकारीहरु



माननीय प्रमुख आयुक्त
प्रेम कुमार राई



माननीय आयुक्त
डा. सावित्री थापा गुरुङ



माननीय आयुक्त
किशोर कुमार सिलवाल



माननीय आयुक्त
जय बहादुर चन्द



श्रीमान् सचिव
सुरेश अधिकारी

## सम्पादक समूह

| | |
|---|---|
| सचिव श्री सुरेश अधिकारी | : अध्यक्ष |
| सहसचिव श्री नारायण प्रसाद रिसाल | : सदस्य |
| उपसचिव श्री वेदप्रसाद भण्डारी | : सदस्य |
| शाखा अधिकृत श्री राम प्रसाद आचार्य | : सदस्य |
| तथाङ्क अधिकृत श्री प्रेम कुमार घिमिरे | : सदस्य |

# सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक आयोगको रुपमा रहेको छ ।सार्वजनिक पद धारण गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा छानविन, अनुसन्धान, तहकिकात एवं अभियोजन गर्ने जिम्मेवारी यस आयोगलाई संवैधानिक रुपमा प्रत्याभूत भएको छ।

सुचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ । आफ्ना काम कारवाही, उपलब्धी र भए/गरेका गतिविधि समेटि विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा ई-बुलेटिनको रुपमा त्रैमासिक प्रकाशित गर्दै आएको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हक सम्बन्धि व्यवस्था छ । सो बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । उक्त व्यवस्था अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्पादित प्रत्येक त्रैमासिक अवधिको मुख्य मुख्य क्रियाकलापहरुको विवरण त्रैमासिक रुपमा स्वतः प्रकाशनको रुपमा सार्वजनिक हुँदै आएको विदितै छ।

यस आ.व. को दोश्रो त्रैमासिक अवधि (कार्तिक-पुस) मा आयोगमा २,६८६ वटा उजुरी परेको साथै अघिल्लो त्रैमासिकमा फछ्र्यौट हुन बाँकी रहेका ९,७९९ गरी कुल १२,४८५ वटा उजुरी माथि छानविन एवं अनुसन्धान गर्नुपर्ने अवस्था रहेकोमा यस त्रैमासिक अबधिसम्म कुल २,३५६ वटा उजुरी फछ्र्यौट भई १०,१२९ वटा उजुरी फछ्र्यौट हुन बाँकी रहेको छ । आयोगबाट चालु आ.व को द्वितीय त्रैमासिक अवधिमा २७ वटा आरोप-पत्र विशेष अदालतमा दायर गरिएको थियो । अभियोजनतर्फ २७ वटा मुद्दामार्फत ११४ जनालाई प्रतिवादी बनाई विगो रु ८०,२७,३५,४६७।६ को मागदावी लिईएको थियो। साथै उक्त अवधिमा रंगेहात कारवाहीतर्फ १८ वटा कारवाहीबाट २७ जनालाई नियन्त्रणमा लिई जम्मा रु १७,७५,६०० जफत भएको छ। यस अवधिमा सम्मानित विशेष अदालतबाट प्राप्त १६ वटा फैसला मध्ये १३ वटा फैसलामा आयोगलाई सफलता प्राप्त भएको छ । आयोगमा परेका उजुरीलाई प्रदेशगतरुपमा हेर्दा सबैभन्दा बढी उजुरी प्रदेश नं २ को रहेका छन्। हाल आयोगमा छानविन एवं अनुसन्धानमा रहेका उजुरीमध्ये २५.४५ प्रतिशत उजुरी प्रदेश नं २ मा रहेका संघीय, प्रादेशिक तथा स्थानीय तहका कार्यालयहरुका रहेका छन्। त्यसैगरी उजुरीको क्षेत्रगत स्थितीले संघीय मामिला (स्थानीय तह समेत) अन्तर्गतका उजुरी आयोगमा सबैभन्दा बढी पर्ने गरेको देखाएको छ। कुल उजुरीको ३३.०८ प्रतिशत उजुरी यही क्षेत्र अन्तर्गतका रहेका छन्।

आम नागरिकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगप्रति ठुलो भरोसा रहेको छ। तर यस महान अभियानमा आयोगको एक्लो प्रयास मात्र पूर्ण बन्न सक्दैन। तसर्थ आयोगको यस अभियानमा नेपाल सरकारका सबै निकायहरु, सार्वजनिक सेवा प्रदायकहरु, सरोकारवाला निकायहरु एवं प्रवुद्ध नागरिक समाजले स्वयं आ-आफ्नो ठाउँबाट भ्रष्टाचार नियन्त्रणमा हातेमालो गर्दै आउने दिनमा थप सशक्त र प्रभावकारी भूमिका निभाउन जरुरी छ। तब मात्र हामिले चाहेको '*समृद्ध नेपाल, सुखी नेपाली* 'को नारालाई सफलिभुत बनाउन सक्दछौं ।

अन्त्यमा, आयोगले गर्दै आएका कार्यक्रमहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आउनुहुने सबैप्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछौ । आफ्नो नजिक भएका भ्रष्टाचारजन्य घटना वा आफूले थाहा पाएका भ्रष्टाचारका सूचनाहरु सदा झै आफुलाई पायक पर्ने आयोगका कार्यालयहरुमा दिन र असल नागरिकको कर्तब्य निर्वाह गर्न हामी सबैमा हार्दिक अनुरोध गर्दछौं ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयको लागि प्रकाशित

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्पादित कार्यहरूको आ.व. २०७७/७८ को दोश्रो (कार्तिक-पुस) त्रैमासिक प्रगति

**माघ, २०७७**

## *१.उजुरी र फछ्र्यौट*

यस आयोगमा आर्थिक वर्ष २०७७/७८ को दोश्रो त्रैमासिक अवधिमा भ्रष्टाचार सम्बन्धी परेका नयाँ उजुरी २,६८६ वटा र प्रथम त्रैमासिक अवधिबाट जिम्मेवारी सरेर आएका उजुरी ९,७९९ वटा गरी जम्मा १२,४८५ वटा उजुरी मध्ये दोश्रो त्रैमासिक अवधिमा जम्मा २,३५६ वटा उजुरी फछ्र्यौट भई चालु आ.व. को दोश्रो त्रैमासिक अवधि सम्म उजुरीको आनुपातमा ३४.२६ प्रतिशत प्रगति हासिल भएको छ । आयोगमा परेका उजुरी मध्ये आयोगले गरेको कारवाहीबाट दोश्रो त्रैमासिक अवधिमा ८५ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, १९३ वटा उजुरी मातहत कार्यालयहरुमा पठाइएको, १४४ वटा उजुरी कारवाहीका लागि सम्बन्धित कार्यालयमा पठाइएको, २८३ वटा उजुरी सोसंग सम्बन्धित अर्को उजुरीसंग गाभिएको र १,६५१ वटा उजुरी तामेलीमा पठाइएको छ । आयोगमा परेको उजुरी संख्या, सो उपर आयोगले कारवाही एवं फछ्र्यौट गरी फछ्र्यौट हुन बाँकी उजुरीको विवरण देहाय अनुसार छः

### १.१आयोगमा रहेको कुल उजुरी फछ्र्यौट तथा बाँकीको विवरण

| विवरण | आ.ब. २०७७/७८ मा उजुरी संख्या | फछ्र्यौट | | | | | | जम्मा फछ्र्यौट | फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विस्तृत अनुसन्धान | आयोगबाट तामेली | | आयोग मातहतका सम्बन्धित कार्यालयहरु मा प्रेषित | कारवाहीको लागि अन्य कार्यालयमा लेखि पठाएको | अन्य उजुरीमा गाभिएको | | |
| | | | तामेली | सुझाव सहित तामेली | | | | | |
| प्रथम त्रैमासिक अबधि सम्मको जम्मा | १२७२४ | ११८ | १७९९ | ९० | ३४२ | १७६ | ४०० | २९२५ | ९७९९ |
| दोश्रो त्रैमासिक अवधिको जम्मा | २,६८६ | ८५ | १,५५३ | ९८ | १९३ | १४४ | २८३ | २,३५६ | १०,१२९ |
| दोश्रो त्रैमासिक अवधिसम्मको जम्मा | १५४१० | २०३ | ३३५२ | १८८ | ५३५ | ३२० | ६८३ | ५२८१ | १०१२९ |


## १.२ कार्यालयगत उजुरीको अवस्था

आर्थिक वर्ष २०७७।०७८ को दोस्रो त्रैमासिकमा विभिन्न माध्यमहरूबाट आयोगको केन्द्र तथा मातहत कार्यालयहरूमा पर्न आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका उजुरीहरू देहायको तालिका तथा रेखाचित्रमा स्पष्ट पारिएको छ सो अनुसार बढी उजुरीहरू अर्थात् ४२.२५% उजुरी आयोगको टंगालस्थित कार्यालयमा रहेका छन् । मातहत कार्यालयहरूमध्ये आयोगको कार्यालय, बर्दिबास (१३.७३%) मा रहेका छन् । सबैभन्दा कम उजुरीहरू भने आयोगको सम्पर्क कार्यालय, नेपालगञ्ज (३.६७%) मा रहेका छन्।

**आयोगमा रहेका उजुरीको संख्यात्मक स्थिति:**

| कार्यालय | उजुरीको संख्या | | कुल उजुरी संख्या | कुल फछ्यौंट भएको उजुरी संख्या | उजुरी प्रतिशत |
|---|---|---|---|---|---|
| | गत आ.व.को जिम्मेवारी सरेको जम्मा उजुरी संख्या | चालु आ.व।को जम्मा उजुरी संख्या | | | |
| अ.दु.अ.आ. टंगाल | २७७९ | ३७३१ | ६५१० | ३६४६ | ४२.२५ |
| आयोगको कार्यालय, इटहरी | १०४८ | ५७४ | १६२२ | २६४ | १०.५३ |
| आयोगको कार्यालय, बर्दिबास | १५०८ | ६०८ | २११६ | २२७ | १३.७३ |
| आयोगको कार्यालय, हेटौंडा | ४१८ | २८२ | ७०० | १७७ | ४.५४ |
| आयोगको कार्यालय, पोखरा | ४२७ | ३११ | ७३८ | ११९ | ४.७९ |
| आयोगको कार्यालय, बुटवल | ३९५ | ४७९ | ८७४ | २७६ | ५.६७ |
| आयोगको सम्पर्क कार्यालय, नेपालगंज | ३२० | २४६ | ५६६ | १७१ | ३.६७ |
| आयोगको कार्यालय, सुर्खेत | ४६७ | ४३० | ८९७ | १९६ | ५.८२ |
| आयोगको कार्यालय, कञ्चनपुर | ८३८ | ५४९ | १३८७ | २०५ | ९.०० |
| जम्मा | ८२०० | ७२१० | १५४१० | ५२८१ | १०० |

**आयोगमा रहेका उजुरीको संख्यात्मक स्थिति:**




### १.३ क्षेत्रगत उजुरीको संख्या

सबैभन्दा बढी उजुरी संघीय मामिला (स्थानीय तहसमेत) ३३.०८%, शिक्षा १५.७६% र भूमि प्रशासनका ८.८७% रहेका छन् । त्यस्तै, वन तथा वातावरण ४.७२%, स्वास्थ्य तथा जनसंख्या ३.७६%, गृह प्रशासन २.७१%, भौतिक पूर्वाधार तथा यातायात ३.९५%, ऊर्जा, जलस्रोत तथा सिंचाइ ३.०५% उजुरीहरू रहेका छन् ।त्यस्तै अर्थ तथा राजस्व क्षेत्रसँग १.९७%, नक्कली शैक्षिक प्रमाणपत्र ७.१०% र गैरकानूनी सम्पत्ति आर्जनतर्फ ३.०७% उजुरीहरू पर्न आएका छन् ।

क्षेत्रगत उजुरीको संख्या

| क्र.सं. | उजुरीको क्षेत्र | गत आ.व.बाट जिम्मेवारी सरेका | आ.व. २०७७।७८ मा दर्ता भएका | जम्मा उजुरीको संख्या | कुल फछ्यौंट संख्या | उजुरी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | संघीय मामिला (स्थानीय तहसमेत) | २५१६ | २५८२ | ५०९८ | १७०३ | ३३.०८ |
| २. | शिक्षा (स्थानीय तहसमेत) | १४५४ | ९७५ | २४२९ | ६६० | १५.७६ |
| ३. | भूमि प्रशासन | ७९२ | ५७५ | १३६७ | ४०९ | ८.८७ |
| ४. | वन तथा वातावरण | ३६३ | ३६५ | ७२८ | २७४ | ४.७२ |
| ५. | स्वास्थ्य तथा जनसंख्या | २७४ | ३०६ | ५८० | २६८ | ३.७६ |
| ६. | गृह प्रशासन | ९६ | ३२२ | ४१८ | २४६ | २.७१ |
| ७. | भौतिक पूर्वाधार तथा यातायात | ३३० | २७९ | ६०९ | २०६ | ३.९५ |
| ८. | ऊर्जा, जलस्रोत तथा सिंचाइ | २४८ | २२२ | ४७० | १५७ | ३.०५ |
| ९. | अर्थ | १४१ | १६२ | ३०३ | १६८ | १.९७ |
| १०. | नक्कली शैक्षिक प्रमाणपत्र | ९५३ | १४१ | १०९४ | १४४ | ७.१० |
| ११. | गैरकानूनी सम्पत्ति आर्जन | १९४ | २७९ | ४७३ | २४२ | ३.०७ |
| १२. | अन्य क्षेत्र | ८३९ | १००२ | १८४१ | ८०४ | ११.९५ |
| | जम्मा | ८२०० | ७२१० | १५४१० | ५२८१ | १०० |

**उजुरी परेका क्षेत्रहरूको स्थितिः**





## १.४ तीन तहका सरकारको प्रदेशगत उजुरीको अवस्था

संघीय, प्रदेश र स्थानीय सरकार मातहतका सरकारी तथा सार्वजनिक निकायहरूमा प्रदेशगत उजुरीको आधारमा विश्लेषण गर्दा प्रत्येक प्रदेशमा स्थानीय सरकारका निकाय विरूद्ध बढि उजुरी परेको देखिन्छ त्यसपछि क्रमशः संघीय र प्रदेश सरकारका निकायहरू विरुद्ध उजुरी परेका छन् तथापि बाग्मती प्रदेशमा भने संघीय सरकारका निकाय विरूद्ध सबभन्दा बढि उजुरी परेका साथै सूदुर पश्चिम प्रदेशमा संघीय सरकारका निकायविरुद्ध भन्दा प्रदेश सरकारका निकाय विरुद्ध उजुरी बढी परेको देखिन्छ । समग्रमा सबैभन्दा बढी उजुरी तथा स्थानीय सरकारका निकाय विरुद्धका सबैभन्दा बढि उजुरी पनि प्रदेश नं २ मा परेको देखिन्छ ।

**संघीय, प्रदेश र स्थानीय सरकारका विरूद्ध परेका उजुरीको प्रदेशगत संख्या**

| प्रदेश | संघ | प्रदेश | स्थानीय तह | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ४९५ | २८५ | ९६८ | १७४८ | १२.८० |
| २ | १३९८ | १६० | १९१७ | ३४७५ | २५.४५ |
| बाग्मती | १९५५ | १७४ | ६८६ | २८१५ | २०.६२ |
| गण्डकी | ३७२ | १३८ | ५१० | १०२० | ७.४७ |
| लुम्बिनी | ५२२ | ३२६ | ९३० | १७७८ | १३.०२ |
| कर्णाली | २६९ | २५२ | ५७६ | १०९७ | ८.०४ |
| सुदुर पश्चिम | २३४ | ५३४ | ९५१ | १७१९ | १२.५९ |
| **प्रदेशगत जम्मा** | **५२४५** | **१८६९** | **६५३८** | **१३६५२** | **१००** |
| अन्य(गैरकानूनी सम्पत्ति, झुठा शैक्षिक प्रमाणपत्र, विश्वविद्यालय आदि) | १७५८ | - | - | १७५८ | |
| **कुल जम्मा** | **७००३** | **१८६९** | **६५३८** | **१५४१०** | |

### तीन तहका सरकारका प्रदेशगत उजुरीको प्रवृति:





## १.५ कार्यालयगतरुपमा उजुरीको फछ्यौंट

यस आ.व.को दोश्रो त्रैमासिक अवधिसम्मको उजुरी फछ्यौंटको अवस्था हेर्दा आयोगको कार्यालय टंगालले सबैभन्दा बढी ३६४६ वटा उजुरी फछ्यौंट गरेको छ जुन कुल उजुरीको ५६.०१ प्रतिशत हो । सबैभन्दा कम उजुरी फछ्यौंट प्रतिशत आयोगको कार्यालय बर्दिवासको १०.७२ प्रतिशत रहेको छ।समग्र आयोगको उजुरी फछ्यौंट को अवस्थालाई देहायबमोजिम प्रष्ट पारिएको छ।

| कार्यालय | कुल उजुरी संख्या | कुल फछ्यौंट भएको उजुरी संख्या | उजुरी फछ्यौंट प्रतिशत |
|---|---|---|---|
| अ.दु.अ.आ., टंगाल | ६५१० | ३६४६ | ५६.०१ |
| आयोगको कार्यालय, इटहरी | १६२२ | २६४ | १६.२७ |
| आयोगको कार्यालय, बर्दिबास | २११६ | २२७ | १०.७२ |
| आयोगको कार्यालय, हेटौंडा | ७०० | १७७ | २५.२८ |
| आयोगको कार्यालय, पोखरा | ७३८ | ११९ | १६.१२ |
| आयोगको कार्यालय, बुटबल | ८७४ | २७६ | ३१.५७ |
| आयोगको सम्पर्क कार्यालय, नेपालगंज | ५६६ | १७१ | ३०.२१ |
| आयोगको कार्यालय, सुर्खेत | ८९७ | १९६ | २१.८५ |
| आयोगको कार्यालय, कञ्चनपुर | १३८७ | २०५ | १४.७८ |
| **जम्मा** | **१५४१०** | **५२८१** | |

**कार्यालयगतरुपमा उजुरीको फछ्र्यौटको अवस्थालाई देहायबमोजिमको स्तम्भचित्रबाट पनि थप प्रष्ट पारिएको छ।**




### *२ भ्रष्टाचार नियन्त्रणका सम्वन्धमा आयोगबाट भएको कार्य प्रगति*

**२.१ भ्रष्टाचार नियन्त्रण सम्बन्धी उपचारात्मक कार्यको प्रगति विवरणः-**

**क) दायर भएका आरोपपत्रको संख्या**

यस आ.व. २०७७/०७८ को दोश्रो त्रैमासिक अवधिमा आयोगले कुल २७ वटा आरोपपत्र सम्मानित विशेष अदालतमा दायर गरेको छ ।यस त्रैमासिकको कार्तिक महिनामा १, मंसिर महिनामा १३ र पुस महिनामा १३ गरी कुल २७ वटा आरोपपत्र दायर भएका हुन्।

**भ्रष्टाचार सम्बन्धी दायर भएको आरोपपत्रको विवरण**

| सि.नं. | मुद्दाको विवरण | मुद्दाको संख्या |
|---|---|---|
| १ | घुस/रिसवत | १६ |
| २ | नक्कली शैक्षिक प्रमाण पत्र | १ |
| ३ | सरकारी अनुदान/रकम/सार्वजनिक सम्पत्ति हिनामिना | ७ |
| ४ | सार्वजनिक/अकुत सम्पत्ती | ० |
| ५ | गुठी संस्थान सम्बन्धी | ० |
| ६ | राजस्व सम्बन्धी | १ |
| ७ | सामाजिक सुरक्षा भत्ता | ० |
| ८ | अन्य भ्रष्टाचार | २ |
| **जम्मा** | | **२७** |

यस आ.व को दोश्रो त्रैमासिक अवधिमा सम्मानित विशेष अदालतमा दायर गरिएका २७ वटा आरोप-पत्रमा जम्मा ११४ जना आरोपीलाई प्रतिवादी बनाई विगो रु 80,27,35,467.6 को माग दावी लिईएको छ ।

उक्त अवधिमा विशेष अदालतमा दायर गरिएका मुद्दामध्ये घुस/ रिसवतका १६ वटा मुद्दामा २६ जना, नक्कली शैक्षिक प्रमाणपत्रको १ वटा मुद्दामा १ जना, सार्वजनिक सम्पत्ति/रकम हिनामिनाका ७ वटा मुद्दामा ७६ जना, राजश्व रकम हिनामिना १ वटा मुद्दामा ३ जना र अन्य २ वटा मुद्दाका ९ जनालाई विपक्षी बनाईएको छ । प्रतिवादीहरुको विवरण हेर्दा अधिकृतस्तरका कर्मचारीहरु १८ जना, सहायकस्तरका कर्मचारीहरु २६ जना, शिक्षक/ प्राध्यापक १ जना, निर्वाचित/मनोनित पदाधिकारीहरु १ जना साथै मतियार/विचौलिया/अन्य ६८ जना रहेका छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| | घुस/ रिसवत | नक्कली शैक्षिक प्र.प. | सा. सम्पत्ति/रकम हिनामिना, गैरकानूनी लाभ हानी | गैरकानूनी सम्पत्ति | राजश्व हिनामिना | विविध | जम्मा |
|---|---|---|---|---|---|---|---|
| उपसचिवस्तर | १ | - | ५ | | - | १ | ७ |
| अधिकृतस्तर | २ | - | ७ | | १ | १ | ११ |
| सहायक/ सहयोगी कर्मचारी | १७ | - | ५ | - | २ | २ | २६ |
| शिक्षक/प्राध्यापक | | १ | | | - | - | १ |
| निर्वाचित/ मनोनित | १ | - | - | - | - | - | १ |
| मतियार/ विचौलिया/ अन्य | ४ | - | ५९ | | - | ५ | ६८ |
| जम्मा | २६ | १ | ७६ | | ३ | ९ | ११४ |

**प्रथम त्रैमासिक अवधिमा दायर भएको आरोपपत्रको विस्तृत विवरण निम्नबमेजिम उल्लेख गरिएको छ।**

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | विगो |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २०७७.७.२५ | १८६ | शिवचन्द्र केवट साहनी | प्रहरी हवल्दार | इलाका प्रहरी कार्यालय बुटवल | घुस रिसवत लिई भ्रष्टाचार गरेको | ४००००० |
| २ | २ | २०७७.८.४ | १९२ | शिव शंकर महतो | नायव सुब्बा | बोलकोट गढी नगरपालिकाको कार्यालय | घुस रिसवत लिई भ्रष्टाचार गरेको | १०००० |
| ३ | ३ | २०७७.८.८ | १९३ | मोहन लाल ढकाल | विचौलिया | | घुस रिसवत | १०००० |
| ४ | ४ | २०७७.८.८ | २०३ | उमेश महतो चौहान | सशस्त्र प्रहरी जवान | सशस्त्र प्रहरी वल सुरक्षा वेश महोत्तरी | घुस रिसवत लिई भ्रष्टाचार गरेको | १७६०० |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | बिगो |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ५ | २०७७.८.९ | २०४ | प्रेम चन्द्र विश्वकर्मा | वन रक्षक | सैनामैना सब डिभिजन वन कार्यालय मुर्गिया | घुस रिसवत लिई भ्रष्टाचार गरेको | १२००० |
| ६ | ६ | २०७७.८.१२ | २०५ | ईश्वरी प्रसाद जैसवाल | आयोजना प्रमुख | नेपाल विद्युत प्राधिकरण भरतपुर बर्दघाट | घुस रिसवत लिई भ्रष्टाचार गरेको | १०००००० |
| ७ | ७ | २०७७.८.१५ | २११ | राजेश बहादुर दाहाल | प्रहरी हवल्दार | इ.प्र.का. बाँके खजुरा | घुस रिसवत लिई भ्रष्टाचार गरेको | १३००० |
| | ८ | | | लुद्र बहादुर के.सी. | प्रहरी नायव निरीक्षक | इ.प्र.का. बाँके खजुरा | | १३००० |
| ८ | ९ | २०७७.८.१७ | २१८ | पर्वत पौडेल | इन्जिनियर | बोलकोट गढी नगरपालिकाको कार्यालय | घुस रिसवत लिई भ्रष्टाचार गरेको | ७५००० |
| ९ | १० | २०७७.८.२१ | २१६ | विकास कुमार श्रेष्ठ | इन्जिनियर | जिल्ला समन्वय समितिको कार्यालय ससरी | सार्वजनिक संस्था हानी नोक्सानी | २७५६२३ |
| | ११ | | | बुद्धिलाल यादव | अध्यक्ष | फुटवल मैदान निर्माण उपभोक्ता समिति | सार्वजनिक संस्था हानी नोक्सानी | २७५६२३ |
| | १२ | | | महेन्द्र प्रसाद यादव | प्रशासकिय अधिकृत | जिल्ला खेलकुद विकास समितिको कार्यालय ससरी | | |
| | १३ | | | धिरेन्द्र बर्मा | उपाध्यक्ष | जिल्ला खेलकुद विकास समितिको कार्यालय ससरी | | |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | बिगो |
|---|---|---|---|---|---|---|---|---|
| १० | १४ | २०७७.८.२१ | २१५ | सत्यजीव कुमार सिंह | सव इन्जिनियर | राजविराज नगरपालिकाको कार्यालय सप्तरी | सरकारी रकम हिनामिना | १७७५७४२.४ |
| | १५ | | | टुनालाल कर्ण | प्रोपराइटर | RK Engineering Consultancy | | ७८६२८७.६४ |
| | १६ | | | शितल रिमाल | वातावरणविद | राजविराज नगरपालिकाको कार्यालय सप्तरी | | ७८६२७८.६४ |
| | १७ | | | सुचना तिमिल्सिना | वातावरणविद | राजविराज नगरपालिकाको कार्यालय सप्तरी | | ९८९४५४.७६ |
| | १८ | | | घनश्याम झा | अध्यक्ष | वृक्षारोपण कार्यक्रम उपभोक्ता समिति | | ७८६२८७.६४ |
| | १९ | | | ललित नारायण झा | कोषाध्यक्ष | वृक्षारोपण कार्यक्रम उपभोक्ता समिति | | |
| ११ | २० | २०७७.८.२४ | २३२ | भुवन केशर खनाल | खरिदार | मालपोत कार्यालय दैलेख | घुस रिसवत लिई भ्रष्टाचार गरेको | ५००० |
| | २१ | | | धन बहादुर बुढा | लेखापढी व्यवसायी | | | ५००० |
| १२ | २२ | २०७७.८.२८ | २३० | सरोज कुमार पाण्डे | अध्यक्ष | रोहिणी गा.पा. वडा नं. २ | घुस रिसवत लिई भ्रष्टाचार गरेको | २०००० |
| | २३ | | | श्याम बचन यादव | अध्यक्ष | विराट कृषि सहकारी संस्था लि. | | २०००० |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | विगो |
|---|---|---|---|---|---|---|---|---|
| १३ | २४ | २०७७.८.२८ | २३३ | समिर भन्ने धन ब. तमाङ्ग | हलुका सवारी चालक | वैदेशिक रोजगार कार्यालय तहाचाल | घुस रिसवत लिई भ्रष्टाचार गरेको | २८५०० |
| | २५ | | | रामानन्द चौधरी | | | | १६००० |
| १४ | २६ | २०७७.८.२९ | २२८ | रिठ्ठे दर्जी | लेखा अधिकृत | मालपोत कार्यालय भरतपुर | राजश्व रकम हिनामिना | ७०८१७०३७ |
| | २७ | | | बलराम सापकोटा | लेखापाल | मालपोत कार्यालय भरतपुर | | ५८४३८०६.७५ |
| | २८ | | | मनोज कुमार निरौला | नायव सुब्बा | मालपोत कार्यालय भरतपुर | | ४७१६१८ |
| १५ | २९ | २०७७.९.१ | २५५ | राजकुमार श्रीवास्तव | सि.डि.ई. | वागमती तथा लालवकैया नदी नियन्त्रण आयोजना परमानीपुर वारा | सरकारी रकम हिनामिना | ९६६४२९६.६३ |
| | ३० | | | पाण्डव प्रसाद देव | इन्जिनियर | वागमती तथा लालवकैया नदी नियन्त्रण आयोजना परमानीपुर वारा | | ९६६४२९६.६३ |
| | ३१ | | | डवाङ क्षोदेन शेर्पा | डाइरेक्टर | योदुङ कन्सट्रक्सन कम्पनी लि | | ९६६४२९६.६३ |
| | ३२ | | | बैकुण्ठ प्रसाद भण्डारी | प्रोपराइटर | अजम्बर निर्माण सेवा | | ९६६४२९६.६३ |
| | ३३ | | | शिवजी सापकोटा | प्रोपराइटर | शिवराम कन्सट्रक्सन प्रालि | | ९६६४२९६.६३ |
| १६ | ३४ | २०७७.९.१ | २३५ | भोगीलाल यादव | शिक्षक | श्री प्राथमिक विद्यालय धन्छवार | नक्कली प्रमाणपत्र | |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | बिगो |
|---|---|---|---|---|---|---|---|---|
| १७ | ३५ | २०७७.९.२ | २४५ | भगवता भन्ने भगवती राउत गुरुङ | असिसटेण्ट सव इन्जिनियर | राष्ट्रिय पुननिर्माण जिल्ला आयोजना कार्यालय इकाइ भीरकोट नपा | घुस रिसवत लिई भ्रष्टाचार गरेको | ५००० |
| १८ | ३६ | २०७७.९.२ | २४४ | पुष्पराज गिरी | नायव सुब्बा | मालपोत कार्यालय तुल्सीपुर | घुस रिसवत | ३२०००० |
| | ३७ | | | नरेश कुमार खड्का | मालपोत अधिकृत | | | |
| | ३८ | | | केशव राज अधिकारी | नायव सुब्बा | मालपोत कार्यालय तुल्सीपुर | | ३२०००० |
| | ३९ | | | मिनराज गैरे | कार्यालय सहयोगी | मालपोत कार्यालय तुल्सीपुर | | ३२०००० |
| १९ | ४० | २०७७.९.८ | २५३ | लिल बहादुर गुरुङ्ग | प्रहरी सहायक हवल्दार | सशस्त्र प्रहरी वल कृष्णनगर | घुस रिसवत | ३५००० |
| | ४१ | | | निरञ्जन राज कार्की | प्रहरी निरिक्षक | | | ३५००० |
| २० | ४२ | २०७७.९.९ | २५४ | रविन्द्र प्रसाद यादव | लेखापढी ब्यवसायी | | प्रतिकुल वकपत्र | २००००० |
| २१ | ४३ | २०७७.९.१३ | २५२ | राजकुमार श्रीवास्तव | सि.डि.ई. | नदी नियन्त्रण आयोजना परवानीपुर बारा | सरकारी रकम हिनामिना | ३६५०९४५६.३४ |
| | ४४ | | | पाण्डव प्रसाद देव | इन्जिनियर | नदी नियन्त्रण आयोजना परवानीपुर बारा | | ३६५०९४५६.३४ |
| | ४५ | | | रविन्द्र प्रसाद यादव | एम डि | महादेव खिम्ति मैनाचुली जेभि | | ३६५०९४५६.३४ |
| | ४६ | | | मदन कुमार अधिकारी | एम डि | मैनाचुली निर्माण सेवा | | ३६५०९४५६.३४ |
| | ४७ | | | सन्तोष प्रधान शाही | प्रतिनिधी | महादेव खिम्ति मैनाचुली जेभि | | ३६५०९४५६.३४ |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | बिगो |
|---|---|---|---|---|---|---|---|---|
| २२ | ४८ | २०७७.९.१४ | २५५ | ललित बहादुर शाही | प्रबन्धक | राष्ट्रिय वाणिज्य बैंक नेपालगंज | नक्कली धितो प्रवाह गरि भ्रष्टाचार | १२५००००० |
| | ४९ | | | कल बहादुर ओली क्षेत्री | नगद सहायक | राष्ट्रिय वाणिज्य बैंक नेपालगंज | | १२५००००० |
| | ५० | | | होताराम योगी | उप प्रमुख | राष्ट्रिय वाणिज्य बैंक कर्णाली प्रदेश | | १२५००००० |
| | ५१ | | | प्रिन्सी गुप्ता | नगद सहायक | राष्ट्रिय वाणिज्य बैंक नेपालगंज | | १२५००००० |
| | ५२ | | | रिजवान अहम्मद जसगढ | थुनुवा | कारागार कार्यालय बाँके | | १२५००००० |
| | ५३ | | | सकिना जसगढ | | | | ७५००००० |
| | ५४ | | | फहमिधा बानो जसगढ | | | | १२५००००० |
| | ५५ | | | कर्ण बहादुर के के | | | | १२५००००० |
| २३ | ५६ | २०७७.९.१६ | २६६ | तिलक प्रसाद घिमिरे | खरिदार | काठमाडौं जिल्ला खेलकुद विकास समिति सानो गौचरण | घुस रिसवत | १५००० |
| २४ | ५७ | २०७७.९.१६ | २६४ | सिकन्दर प्रसाद कानु | प्रहरी नायव निरीक्षक | प्रहरी चौकी तिलाठी सप्तरी | घुस रिसवत | ५०००० |
| २५ | ५८ | २०७७.९.१६ | २५२ | नारायण बहादुर थापा | लेखा अधिकृत | काठमाडौं दिगो सहरी यातायात आयोजना | सरकारी रकम हिनामिना | ११४७६००० |
| | ५९ | | | बेल बहादुर नेपाली | आयोजना प्रमुख | काठमाडौं दिगो सहरी यातायात आयोजना | | ११४७६००० |
| | ६० | | | गिरी प्रसाद श्रेष्ठ | लेखापाल | काठमाडौं दिगो सहरी यातायात आयोजना | | ११४७६००० |
| | ६१ | | | श्याम बहादुर खत्री | लेखा अधिकृत | काठमाडौं दिगो सहरी यातायात आयोजना | | ११४७६००० |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | बिगो |
|---|---|---|---|---|---|---|---|---|
| | ६२ | | | सुमिता रौनियार | निर्देशक | पप्पु कन्सक्ट्रक्सन प्रा.लि. | | |
| २६ | ६३ | २०७७.९.२३ | २९१ | सोमनाथ घिमिरे | वरिष्ठ कृषि अधिकृत | प्रधानमन्त्री कृषि आधुनिक परियोजना चितवन | सार्वजनिक संस्था हानी नोक्सानी | ४१२४७४ |
| | ६४ | | | बालिका कुमारी गिरी | प्रबन्ध निर्देशक | नारायणी एग्रो प्रालि चितवन | | ४१२४७४ |
| | ६५ | | | गोपिनाथ भुषाल | संस्थापक सदस्य | नारायणी एग्रो प्रालि चितवन | | ४१२४७४ |
| २७ | ६६ | २०७७.९.२६ | २७६ | बुद्धिमान जैशी | नापी अधिकृत | नापी कार्यालय ललितपुर | सरकारी जग्गा कम्पनीको नाममा बनाई हिनामिना | २०२३३६७१.८८ |
| | ६७ | | | बालेश्वर प्रसाद यादव | नापी अधिकृत | नापी कार्यालय ललितपुर | | २०२३३६७१.८८ |
| | ६८ | | | केशव थापा मगर | सर्वेक्षक | नापी कार्यालय ललितपुर | | २०२३३६७१.८८ |
| | ६९ | | | बाबुराम खनाल | कार्यालय प्रमुख (उपसचिव) | मालपोत कार्यालय ललितपुर | | २०२३३६७१.८८ |
| | ७० | | | ख्यामनारायण पौडेल | नायव सुब्बा | मालपोत कार्यालय ललितपुर | | २०२३३६७१.८८ |
| | ७१ | | | दिनेश न्यौपाने | नायव सुब्बा | मालपोत कार्यालय ललितपुर | | २०२३३६७१.८८ |
| | ७२ | | | आत्माराम लुईटेल | खरिदार | मालपोत कार्यालय ललितपुर | | २०२३३६७१.८८ |
| | ७३ | | | गुनीकाजी मानन्धर | संचालक | युरो हाउजिङ्ग प्रा.लि. | | २०२३३६७१.८८ |
| | ७४ | | | योगेश्वर कृष्ण पराजुली | सदस्य | युरो हाउजिङ्ग प्रा.लि. | | २०२३३६७१.८८ |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | बिगो |
|---|---|---|---|---|---|---|---|---|
| | ७५ | | | कृष्णराज श्रेष्ठ | सदस्य | युरो हाउजिङ्ग प्रा.लि. | | २०२३३६७१.८८ |
| | ७६ | | | टंक बहादुर श्रेष्ठ | सदस्य | युरो हाउजिङ्ग प्रा.लि. | | २०२३३६७१.८८ |
| | ७७ | | | गोपालदास मानन्धर | सदस्य | युरो हाउजिङ्ग प्रा.लि. | | २०२३३६७१.८८ |
| | ७८ | | | बबिन मानन्धर | सदस्य | युरो हाउजिङ्ग प्रा.लि. | | २०२३३६७१.८८ |
| | ७९ | | | उज्वल मानन्धर | सदस्य | युरो हाउजिङ्ग प्रा.लि. | | २०२३३६७१.८८ |
| | ८० | | | डा. इश्वर लाल आचार्य | सदस्य | काठमाडौं हस्पिटल प्रा.लि. | | २०२३३६७१.८८ |
| | ८१ | | | डा. दुर्गामान जोशी | सदस्य | काठमाडौं हस्पिटल प्रा.लि. | | २०२३३६७१.८८ |
| | ८२ | | | दुर्गेश नन्दनी भट्ट चन्द | सदस्य | काठमाडौं हस्पिटल प्रा.लि. | | २०२३३६७१.८८ |
| | ८३ | | | अन्जना देवी मिश्र | जग्गाधनी | | | |
| | ८४ | | | अरुणा झा | जग्गाधनी | | | |
| | ८५ | | | सोमनाथ प्रसाई | प्रतिनिधी | एपेक्स कलेज प्रा.लि. | | |
| | ८६ | | | कुमारी कंचन शाह | जग्गाधनी | | | |
| | ८७ | | | गोपाल तिमिल्सिना | | | | |
| | ८८ | | | तिर्थ बहादुर कार्की | जग्गाधनी | | | |
| | ८९ | | | त्रिलोक राज शाक्य | जग्गाधनी | | | |
| | ९० | | | विरोदेवी यादव | जग्गाधनी | | | |
| | ९१ | | | भुवनेश्वरी पराजुली | जग्गाधनी | | | |
| | ९२ | | | पंकज पराजुली | जग्गाधनी | | | |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | विगो |
|---|---|---|---|---|---|---|---|---|
| | ९३ | | | मिना कुमारी कार्की | जग्गाधनी | | | |
| | ९४ | | | राजेन्द्र प्रसाद रुपाखेती | जग्गाधनी | | | |
| | ९५ | | | राममाया महर्जन | जग्गाधनी | | | |
| | ९६ | | | लोक बहादुर डंगोल | जग्गाधनी | | | |
| | ९७ | | | लोकेश महर्जन | जग्गाधनी | | | |
| | ९८ | | | शकुन्तला श्रेष्ठ | जग्गाधनी | | | |
| | ९९ | | | सरिता कुमारी ठाकुर | जग्गाधनी | | | |
| | १०० | | | सुरेन्द्र कुमार मण्डल | जग्गाधनी | | | |
| | १०१ | | | सोनिया पोखरेल | जग्गाधनी | | | |
| | १०२ | | | नर्मदा उपाध्याय शर्मा | जग्गाधनी | | | |
| | १०३ | | | कृष्ण साल्की | जग्गाधनी | | | |
| | १०४ | | | सुशिल मानन्धर | जग्गाधनी | | | |
| | १०५ | | | देव नारायण तिमिल्सिना | जग्गाधनी | | | |
| | १०६ | | | नारायण देवी मानन्धर | जग्गाधनी | | | |
| | १०७ | | | निर्मला शाक्य | जग्गाधनी | | | |
| | १०८ | | | पूर्णगोविन्द लाखे | जग्गाधनी | | | |
| | १०९ | | | रश्मी महर्जन | जग्गाधनी | | | |
| | ११० | | | राज्यलक्ष्मी आमात्य | जग्गाधनी | | | |
| | १११ | | | रामदुलारी | जग्गाधनी | | | |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | पद | कार्यालय | आरोप | विगो |
|---|---|---|---|---|---|---|---|---|
| | | | | देवी शाह | | | | |
| | ११२ | | | रुपा श्रेष्ठ | जग्गाधनी | | | |
| | ११३ | | | सुनिल मानन्धर | जग्गाधनी | | | |
| | ११४ | | | गुनीकाजी महर्जन | अध्यक्ष | युरो हाउजिङ्ग प्रा.लि. | | |
| | | | | | | | **जम्मा विगो रु** | **८०२७३५४६७.६** |

**द्रष्टब्य:** प्रथम त्रैमासिक बुलेटिनमा कुल आरोपपत्र दायर संख्या ३३ हुनुपर्नेमा तयार हुँदाका बखत थप ४ मुद्दा दायर भएको तर प्रगति प्रतिवेदनमा ३३ को ठाउँमा २९ वटा मात्र मुद्दा दायर गरिएको विषय उल्लेखित गरिएकोमा यसलाई समेत पुनर्योग गरिएको ।


**ख) घुस/रिसवत (Sting) कारबाही**

यस आयोगबाट आ.व. २०७७।०७८ को दोश्रो त्रैमासिक अवधि (कार्तिक-पुस) मा कूल १८ वटा घुस/रिसवत कारबाही भएको र यसबाट रू. १७,७५,६००/- जफत हुनुका साथै जम्मा २७ जना कर्मचारी तथा घुस/रिसवतसँग जोडिएका अन्य व्यक्ति नियन्त्रणमा लिईएको छ । यस अवधिमा कारबाहीमा परेका २७ मध्ये जना राजपत्रांकित द्वितीय श्रेणीका १ जना सहित २० जना राष्ट्रसेवक कर्मचारी र ७ जना बिचौलिया/ मतियार लगायत अन्य व्यक्ति छन् ।

यस अवधि मा घुस/रिसवत कारबाहीबाट नियन्त्रणमा लिइएका २७ जना व्यक्तिहरुको दर्जागत एवं पेशागत विवरण देहाय अनुसार छः

| क्र.स. | पद/श्रेणी | जम्मा संख्या | अप्राविधिक | प्राविधिक | प्रहरी | शिक्षक | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रा प द्वितीय श्रेणी वा सो सरह | १ | ० | १ | - | - | - | |
| २ | रा प तृतीय श्रेणी वा सो सरह | १ | ० | १ | - | - | - | |
| ३ | जुनियर कर्मचारी | १६ | ४ | ६ | ६ | - | - | |
| ४ | श्रेणिविहीन कर्मचारी | २ | २ | - | | - | - | |
| राष्ट्रसेवक कर्मचारी जम्मा | | २० | | | | | | |
| राष्ट्रसेवक कर्मचारी बाहेक अन्य | | | | | | | | |
| ५ | निर्वाचित मनोनित पदाधिकारी | - | - | - | - | - | - | |
| ६ | विचौलिया/मतियार लगायत अन्य ब्यक्ति | ७ | - | - | - | - | - | |
| | राष्ट्रसेवक कर्मचारी बाहेक अन्य जम्मा | ७ | | | | | | |
| | कुल जम्मा | २७ | ६ | ८ | ६ | - | - | |

घुस/रिसवत कारबाहीबाट नियन्त्रणमा लिइएका २७ जना व्यक्तिहरुको विवरण दर्जागत रुपमा निम्नबमोजिमको वृत्तचित्रबाट समेत उल्लेख गरिएको छ ।




**दोश्रो त्रैमासिक अवधिमा आयोगद्वारा गरिएको घुस/रिसवत कारबाहीको क्रममा नियन्त्रणमा लिइएका व्यक्तिहरुको विवरण निम्नानुसार छ ।**

| सि.नं | मिति | पक्राउ पर्ने व्यक्ति | पद | पक्राउ संख्या | पक्राउ पर्ने व्यक्तिको कार्यालय | आरोप | जफत रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | २०७७।०७।०१ | प्रेमचन्द्र विश्वकर्मा | वन रक्षक | १ | सव-डिभिजन वन कार्यालय मुर्गिया रुपन्देही | चिरान काठ ओसारपसार गर्न सहयोग गरेवापत सेवाग्राहीसँग घुस/रिसवत माग | १२००० |
| २ | २०७७।०७।०४ | भुवन केशर खनाल, धन बहादुर बुढा | खरिदार, लेखापढी | २ | मालपोत कार्यालय दैलेख | जग्गा नामसारी गर्दा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग | ५००० |
| ३ | २०७७।०७।१६ | सिकन्दर प्रसाद कानु, रामईश्वर मण्डल, जयनारायण यादव | प्र.ना.नि., प्र.ज., विचौलिया | ३ | प्रहरी चौकी तिलाठी, सप्तरी | चौकीमा राखेको मोटरसाइकल फिर्ता दिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग | ५०००० |

| सि.नं | मिति | पक्राउ पर्ने व्यक्ति | पद | पक्राउ संख्या | पक्राउ पर्ने व्यक्तिको कार्यालय | आरोप | जफत रकम रु |
|---|---|---|---|---|---|---|---|
| ४ | २०७७।०७।१६ | उमेश चौहान | स.प्र.ज. | १ | सशस्त्र प्रहरी बल, सुरक्षा बेस क्याम्प, गौशाला, महोत्तरी | घरायसी प्रयोगका लागि काठ दाउरा लैजान सहजीकरण गरिदिएवापत सेवाग्राहीसँग घुस/रिसवत माग | १७६०० |
| ५ | २०७७।०७।१९ | धन बहादुर तामाङ, रामानन्द चौधरी | सवारी चालक, लेखापढी | २ | वैदेशिक रोजगार काठमाण्डौ कार्यालय ताँहाचल | श्रम स्वीकृती लिन आएका सेवाग्राहीसँग काम छिटो गरीदिने भनी घुस/रिसवत माग | ८००० |
| ६ | २०७७।०७।२० | इश्वरीप्रसाद जयसवाल | ईन्जिनियर . नवौं तह | १ | नेपाल विद्युत प्राधिकरण, हेटौंडा-भरतपुर-बर्दघाट | कार्य सम्पन्न गरेको रकम भुक्तानी दिनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग | १०००००० |
| ७ | २०७७।०७।२२ | पर्वत पौडेल, नारायणप्रसाद भट्ट | ईन्जिनियर व्यवसायी | २ | बेलकोटगढी नगरपालिका, नुवाकोट | घर निर्माण सम्पन्नको प्रमाण-पत्र दिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग | ७५००० |
| ८ | २०७७।०८।०५ | पुष्पराज गिरी, मिनराज गैरे | ना.सु., का.स. | २ | मालपोत कार्यालय तुलसीपुर दाङ | जग्गा नाँपा जाँच गरी पूर्जा बनाईदिनका लागि सेवाग्राहीसंग घुस/रिसवत माग | ३२०००० |
| ९ | २०७७।०८।१६ | भगवती राउत | असिस्टेन्ट सव-ईन्जिनियर | १ | जिल्ला कार्यान्वयन ईकाई स्याङ्जा (भिरकोट न.पा.) | भुकम्प पुनःनिर्माण लाभग्राहीको घर निर्माणमा रकम निकासा गरिदिन तथा गरिदिएबापत विभिन्न बहाना बनाई अतिरिक्त रकम माग | ५००० |
| १० | २०७७।०८।१९ | लिल बहादुर गुरुङ | स.प्र.स.ह. | १ | सशस्त्र प्रहरी बल, बोर्डर पोष्ट (BOP) कृष्णनगर | घरायसी सामान ओसारपसारमा सहजीकरण गरिदिए वापत सेवाग्राहीसँग अतिरिक्त रकम माग | ३५००० |
| ११ | २०७७।०८।२३ | कृष्ण आले | तह-४ | १ | नेपाल विद्युत प्राधिकरण, तनहुँ वितरण केन्द्र, आँबुखैरेनी | सेवाग्राहीको काम गरिदिए वापत गैरकानूनी रुपमा अतिरिक्त रकम माग | ५००० |

| सि.नं | मिति | पक्राउ पर्ने व्यक्ति | पद | पक्राउ संख्या | पक्राउ पर्ने व्यक्तिको कार्यालय | आरोप | जफत रकम रु |
|---|---|---|---|---|---|---|---|
| १२ | २०७७।०८।२४ | मनोज कुमार पाण्डे | तह-३ ईलेक्ट्रिसियन | १ | नेपाल विद्युत प्राधिकरण, बरहथवा वितरण केन्द्र सर्लाही | विद्युत मिटरको क्षमता बृद्धि गर्नको लागि सेवाग्राहीसँग अतिरिक्त रकम माग | ८००० |
| १३ | २०७७।०९।०६ | तिलक प्रसाद घिमिरे | सहायक द्वितीय | १ | काठमाण्डौ जिल्ला खेलकुद विकास समिति सानोगौचरण | क्लव नविकरण गर्नका लागि सेवाग्राहीसँग घुस/रिसवत माग | १५००० |
| १४ | २०७७।०९।१७ | भोला यादव, विनोद साह | प्र.ह., विचौलिया | २ | ईलाका प्रहरी कार्यालय हरिनगरा, सुनसरी | घरायसी सामान ल्याउन सहजीकरण गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग अतिरिक्त रकम माग | ६००० |
| १५ | २०७७।०९।२२ | सुरेन्द्र अधिकारी | सव-ईन्जिनियर | १ | जिल्ला आयोजना कार्यान्वयन ईकाई तनहुँ (भानु न.पा) | विद्यालयको भौतिक संरचना निर्माणमा निकासा दिलाइदिए वापत अतिरिक्त रकम माग | १५०००० |
| १६ | २०७७।०९।23 | वेदनिधी वराल, राम सुन्दर महतो | ना.सु. ,लेखापढी | २ | मालपोत कार्यालय हरिवन, सर्लाही | जग्गाधनी दर्ता प्रमाण पत्र (लालपुर्जा) मा नाम संशोधन वापत सेवाग्राहीसँग अतिरिक्त रकम माग | ११००० |
| १७ | २०७७।०९।२८ | शान्ति भण्डारी | प्र.ह. | १ | ईलाका प्रहरी कार्यालय, बेलचौतारा, तनहुँ | नियन्त्रणमा लिएको व्यक्ति छुटाइदिए वापत बिभिन्न बहाना बनाई सेवाग्राहीसँग अतिरिक्त रकम माग | १०००० |
| १८ | २०७७।०९।२९ | राजन शर्मा, सन्तोष थापा मगर | कम्प्युटर अपरेटर, व्यवसायी | २ | आन्तरिक राजश्व कार्यालय, बालाजु, काठमाण्डौ | कर तिर्न सहजिकरण गरिदिए वापत सेवाग्राहीसँग अतिरिक्त रकम माग | ४३००० |
| **कुल पक्राउ संख्या** | | | | **२७** | | **कुल जफत रकम रु** | **१७७५६००** |

**ग) दायर मुद्दाको फैसला र आयोगबाट पुनरावेदन:**


आयोगले यस आ.व को दोश्रो त्रैमासिकमा सम्मानीत विशेष अदालतमा कुल २७ वटा आरोपपत्र दायर गरेको छ ।त्रैमासिक अवधिसम्ममा दायर गरिएका आरोपपत्रमध्ये अदालतबाट यस त्रैमासिकमा १६ वटा मुद्दा को फैसला प्राप्त भएको छ साथै यस अवधिमा १ वटा फैसलामा पुनरावेदन दर्ता भएको छ। जसको विवरण उल्लेखित तालिकामा देखाईएको छ ।

| विवरण | कार्तिक | मंसिर | पुस | जम्मा |
|---|---|---|---|---|
| मुद्दा दायरी विशेष अदालतमा | १ | १३ | १३ | २७ |
| लिखित जवाफ दर्ता | २ | २ | ८ | १२ |
| पुनरावेदन दर्ता | - | १ | - | १ |
| फैसला प्राप्त | - | | १६ | १६ |
| भ्रष्टाचार तर्फ | - | - | ८ | ८ |
| नक्कली प्र.प. तर्फ | - | - | ८ | ८ |

त्यस्तै दायर भएका आरोपपत्रमा अदालतबाट भएका १६ वटा फैसलामध्ये ८ वटा फैसला भ्रष्टाचारतर्फका रहेका छन् भने ८ वटा नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी रहेका छन् । यस सम्बन्धी विवरणलाई तालिका र वृत्त चित्रमा उल्लेख गरिएको छ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. फैसला प्राप्त | भ्रष्टाचार तर्फः | सफलः | ५ | थान | नक्कली.प्र.प. तर्फः | सफलः | ७ | थान |
| | | आंशिक सफलः | १ | थान | | आंशिक सफलः | ० | थान |
| | | असफलः | २ | थान | | असफलः | १ | थान |
| | | | | | | | | |
| | | जम्मा | ०८ | | | जम्मा | ०८ | |

## दोश्रो त्रैमासिक अवधिमा आरोपपत्रको फैसलाको अवस्थालाई वृत्तचित्रमा देखाउँदा,




### २.३ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएका निरोधात्मक कार्यको विवरण

भ्रष्टाचारजन्य कार्यको नियन्त्रणको लागी आयोगले उजुरीउपर गरिने अनुसन्धान र अभियोजनको दण्डात्मक कार्यले मात्र अपेक्षित परिणाम प्राप्त हुन नसक्ने ठानी भ्रष्टाचार हुनै नदिने वा त्यसलाई रोक्ने निरोधात्मक कार्यहरूलाई निरन्तर रुपमा अगाडि बढाएको छ ।

स्थानीयस्तरमा हुने भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई पनि कतिपय जिल्लामा अधिकार प्रत्यायोजन गरिएको छ । निजहरुले अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरुका सम्बन्धमा प्रारम्भिक छानवीन गरी तामेलीमा राख्न वा विस्तृत अनुसन्धान गर्न सम्बन्धित कागजात सहित आधार र कारणसमेत खुलाई आयोगको सम्बन्धित कार्यालय मार्फत आयोग समक्ष पठाउनु पर्ने व्यवस्था गरिएको छ ।

आयोगले भ्रष्टाचारविरुद्ध नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक प्रदेशका २/२ वटा गरी १४ जिल्लामा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था (Citizen Jury) गठन गरी भ्रष्टाचार विरुद्धको अभियानमा नागरिक समाजको सहभागिता बढाउने कार्यको शुरुवात गरेको छ ।

### २.४ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएको प्रवर्द्धनात्मक कार्यको विवरण:

**क. स्थानीय तहका कर्मचारीहरूका लागि सुर्खेतमा सार्वजनिक खरिद सम्बन्धी आधारभूत तालिम सम्पन्न**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यलय सुर्खेत, सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाण्डौ र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय स्थानीय सुशासन केन्द्र कर्णाली प्रदेशको साझेदारी एवम् सहकार्यमा स्थानीय तहका कर्मचारीहरूका लागि सार्वजनिक खरिद सम्वन्धी ३ दिवसीय आधारभूत तालिम सम्पन्न भएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तत्कालिन माननीय कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीज्यूको प्रमुख आतिथ्यता (Virtual)मा मिति २०७७ पौष २३ गतेका दिन सुर्खेतको शुभ होटलमा तालिमको शुभारम्भ भएको हो। उक्त कार्यक्रममा आयोगका तत्कालिन माननीय कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीज्यूले कार्यक्रम सफलताको कामना सहित शुभकामना मन्तव्य राख्नुभएको थियो।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतका कार्यालय प्रमुख नारायण प्रसाद रिसालको अध्यक्षतामा सम्पन्न उक्त उद्धाटन समारोहमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रमुख सचिव श्री चन्द्रमान श्रेष्ठ, सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव श्री सूर्य प्रसाद गौतम साथै सुर्खेतका प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीले कार्यक्रमको सफलताको शुभकामना मन्तव्य राख्नुभएको थियो। उद्धाटन समारोहमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यलय सुर्खेतका प्रहरी नायव उपरीक्षक श्री सरोज पौडेलले कार्यक्रममा सहभागी सबैलाई स्वागत गर्नुभएको थियो।

प्रशिक्षण कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव आनन्द सारूले उपभोक्ता समिति वा लाभग्राही समूहबाट हुने खरिद र यसको व्यवस्थापन, सेवा करार, गैर-सरकारी संस्थासगँ काम गराउने तरिका सम्वन्धमा, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतका कार्यालय प्रमुख नारायण प्रसाद रिसालले भ्रष्टाचार निवारण र सुशासन, सार्वजनिक खरिदका जोखिम क्षेत्रहरू र सार्वजनिक खरिद सम्वन्धमा परेका उजुरीहरू सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयका निर्देशक श्री सुवासचन्द्र सिवाकोटीले सार्वजनिक खरिदको परिभाषा, सिद्धान्त, तरिका, सार्वजनिक खरिदको लागि लागत अनुमान तयारी र स्वीकृती, परामर्श सेवा खरिदसम्वन्धी व्यवस्थाहरू, खरिद सूचीको तयारी, प्रस्ताव माग गर्ने, प्राविधिक प्रस्तावको मूल्यांकन स्वीकृति, भेरिएसन आदेश, मूल्य समायोजन, खरिद कार्यका केही राम्रा अभ्यास, सेवा खरिदसम्बन्धी व्यवस्था, खरिद सूचीको तयारी सम्बन्धमा, प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयका सि.डि.ई. धर्मेन्द्र झाबाट बोलपत्रबाट खरिद-निर्माण कार्यको खरिद प्रक्रियासम्वन्धी, सार्वजनिक खरिद अनुगमन कार्यालयका उपसचिव श्री शेखर पौडेलले सार्वजनिक खरिदको लागि लागत अनुमान तयारी र स्वीकृती, बिशेष परिस्थितीमा खरिद, खरिद कार्यमा संलग्न पदाधिकारी र बोलपत्रदाताको आचरण, विद्युतीय खरिद प्रर्णालीको अवलम्वन, सार्वजनिक खरिद अनुगमन कार्यालयको भूमिकासम्वन्धी तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयका उप-सचिव श्री रमेश गौतमले करार व्यवस्थापन, खरिद विधि अनुसार खरिदको व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो।

३ दिवसीय आधारभूत प्रशिक्षण कार्यक्रममा सुर्खेत जिल्लाका ९ वटा स्थानीय तहका ४५ जना र दैलेख जिल्लाको गुराँस गाउँपालिकाका ५ जना गरी जम्मा ५० जना कर्मचारीको सहभागिता रहेको थियो। उक्त कार्यक्रमको समापन समारोहमा सहभागीहरूको तर्फबाट भेरीगंगा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री जगत बस्नेतज्यूले तालिममा सिकेका कुराहरूलाई आ- आफ्नो क्षेत्रमा लागू गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

समापन कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्री आनन्द शारू, सार्वजनिक खरिद अनुगमन कार्यालयका निर्देशक श्री सुवासचन्द्र सिवाकोटीले आ-आफ्ना भनाई राख्नुभएको थियो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतका कार्यालय प्रमुख श्री नारायण प्रसाद रिसालले तालिममा सहभागीहरूलाई प्रमाण पत्र वितरण गरी उपस्थित महानुभाव, तालिममा सहभागीहरू तथा तालिम कार्यक्रमको आयोजना गर्नमा प्रत्यक्ष वा परोक्ष सहयोग गर्ने व्यक्ति तथा संस्थाहरूलाई धन्यवाद व्यक्त गर्नुभएको थियो। उक्त कार्यक्रमको संचालन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतका उप- सचिव रमेश गौतमले गर्नु भएको थियो।

## ख.अर्घाखाँची, गुल्मी र रूकुम (पूर्वी) मा अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०७७/०९/२४ गते अर्घाखाँची र गुल्मी साथै २०७७/०९/२६ गते रुकुम (पूर्वी) जिल्लामा "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्वन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम" सम्पन्न भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूको प्रमुख आतिथ्यतामा अर्घाखाँची, गुल्मी र रूकुम (पूर्वी) जिल्लामा भएका "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्वन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम" सम्पन्न भएको हो। उक्त अवसरमा माननीय आयुक्त गुरुङले आर्थिक ऐन/नियम, सार्वजनिक खरिद ऐन, नियमावली, निजामती सेवा ऐन, नियमावली, सुशासन संचालन तथा व्यवस्थापन ऐन जस्ता ऐन, नियमहरुको पालना गरी काम गर्न सवैलाई निर्देशन दिंदै भ्रष्टाचार नियन्त्रणमा स्थानीय तह र सरकारी कार्यालयका प्रमुखहरुको महत्वपूर्ण भूमिका रहेको हुंदा सवैले आ-आफ्नो स्थानबाट सक्दो प्रयास गर्ने, राष्ट्रसेवक कर्मचारीहरुले सेवा प्रवाह गर्दा नैतिकता, सदाचार र निर्भीकताका साथ आम सेवाग्राहीहरुले अनुभुत गर्ने गरी सुशासन कायम गर्न प्रतिवद्ध हुनुपर्ने निर्देशन सहितको मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त अवसरमा माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूले सहभागीबाट उठेका जिज्ञाशाहरुको संवोधन गर्दै अनुचित कार्यको अनुसन्धान गर्ने अधिकार आयोगमा नरहेको, झुट्ठा आरोप लगाउनेलाई पनि सजायको व्यवस्था रहेको, आयोगबाट स्क्रिनिङ्ग गरेर उजुरी हेर्ने प्रवृत्तिले पनि झुट्ठा आरोप जस्ता उजुरीहरु आयोगले स्क्रिनिङ्गबाटै तामेली गर्ने गरेको, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी (UNCAC)मा नेपालले हस्ताक्षर गरेकोले निजी क्षेत्र समेत आयोगको क्षेत्राधिकारमा हुनु पर्नेमा सो सम्बन्धी कानून नबनेको हुंदा निजी क्षेत्रलाई हेर्न नसकिएको बताउनुभयो ।

उक्त कार्यक्रममा अर्घाखाँची, गुल्मी र रुकुम (पूर्वी) जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले आयोगले यस्तो प्रकारको छलफल तथा अन्तरक्रिया कार्यक्रम आफ्नो जिल्लामा संचालन गरेकोमा आयोगलाई धन्यवाद दिंदै जिल्लामा आयोगको प्रतिनिधीका रुपमा रही कार्यहरु गर्ने गरेको, सार्वजनिक सेवालाई चुस्त, दुरुस्त, प्रभावकारी बनाउने, जिल्ला प्रशासन र कार्यालय प्रमुखवीच पटकपटक बैठक, छलफल र अन्तरक्रिया गरेर आन्तरिक नियन्त्रण प्रणाली, संस्थागत सुधार, विकास निर्माणका काममा सहकार्य गर्ने, कसैले गुनासो नगर्ने गरी काम गरेको र सवै कार्यालयमा नागरिक बडापत्र, सूचना अधिकारीको व्यवस्था, नागरिक समाजको सहकार्यमा विभिन्न

कार्यहरुको अनुगमन/नियमन गर्ने गरेको वताउंदै आयोगको कार्यहरु पुरा गर्ने ऐक्यवद्धता जनाउँदै आउँदा दिनमा थप सक्रिय हुने भनि प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

त्यस्तै कार्यक्रमका अध्यक्ष तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलका कार्यालय प्रमुख सह-सचिव श्री रमेश ढकालज्यूले सहभागीहरुबाट उठेका जिज्ञाशाहरुको संवोधन गर्दै भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरुसँग सहकार्यको अपेक्षा सहित भ्रष्टाचार नियन्त्रण आयोगको एकल प्रयासले नभई सवै आ-आफ्नो स्थानबाट लाग्नुपर्ने र आयोगमा उजुरी पऱ्यो भन्दैमा विकास निर्माण लगायतका कामहरु बीचमै छाडी काम टार्ने प्रवृति देखिएकोले आयोगबाट भएको निर्देशन बाहेकका कुनैपनि कार्यहरु बीचमा नरोक्न अनुरोध सहित मन्तव्य राख्नु भएको थियो ।

छलफल तथा अन्तर्क्रिया कार्यक्रममा तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी सहित जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, पत्रकार समेत गरी अर्घाखाँचीमा ५३, गुल्मीमा ८२ जना र रुकुम (पूर्वी) मा ४७ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमको सुरुवातमा आयोगको कार्यालय बुटवलको तर्फबाट उपसिचव लोकहरी कंडेलले प्रमुख अतिथि लगायत उपस्थित सम्पुर्णा महानुभावहरुलाई स्वागत गर्दै भ्रष्टाचारको अवधारणा, भ्रष्टाचारजन्य कसूरहरु र सजाय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार, आयोगको कार्यालय बुटवलका गतिविधिहरु, उजुरीहरुको प्रकृति, उजुरी फछ्र्यौटमा देखिएका समस्या तथा चुनौतिहरु, सुशासन प्रवर्द्धनका लागि चाल्नुपर्ने कदम र कार्यालय प्रमुखहरुको भूमिका, आयोगको अपेक्षा र आयोगको आगामी कार्यदिशा लगायतका बिषयका बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

## ग.भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतले दैलेख र सल्यान जिल्लाका विभिन्न स्थानीय तहहरुमा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको उपस्थितिमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। दैलेख जिल्लाको दुल्लु नगरपालिकामा २०७७/०८/१३ गते संचालित कार्यक्रममा नगरपालिका अन्तर्गतका ५० जना साथै गुराँस गाउँपालिकामा २०७७/०८/१६ गते संचालित कार्यक्रममा ४८ जना जनप्रतिनिधि र कर्मचारीहरुको सहभागिता रहेको थियो। त्यस्तै सल्यान जिल्लाको शारदा नगरपालिकामा २०७७/०८/२५ गते आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा ६३ जना जनप्रतिनिधि र कर्मचारीको उपस्थिति रहेको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरले कैलाली र कञ्चनपुर जिल्लाका विभिन्न स्थानीय तहहरुमा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको उपस्थितिमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ।कैलाली जिल्लाको धनगढी उप-महानगरपालिकामा २०७७/०९/१४ गते संचालित कार्यक्रममा धनगढी उप-महानगरपालिकाका ८२ जना , लम्किचुहा नगरपालिकामा २०७७/०९/१९ गते संचालित कार्यक्रममा ८० जना जनप्रतिनिधि र कर्मचारीहरुको

सहभागिता रहेको थियो। त्यस्तै कञ्चनपुर जिल्लाको वेलौरी नगरपालिकामा २०७७/०९/२२ गते आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा ८२ जना जनप्रतिनिधि र कर्मचारीको उपस्थिति रहेको थियो।

### २.५ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएका संस्थागत क्षमता विकास सम्बन्धी कार्यको विवरण

### क. Investigative Training on Public Procurement (Officer Level) विषयक तालिम कार्यक्रम सम्पन्न

आयोगको केन्द्रीय कार्यालय, टंगाल र मातहत ८ वटा कार्यालयहरुमा कार्यरत विभिन्न स्तरका अनुसन्धान अधिकृतहरुको लागि सार्वजनिक खरिद सम्वन्धी उजुरी उपरको अनुसन्धानमा प्रभावकारी ल्याउने मुख्य उदेश्यले मिति २०७७ मंसिर ८ गते देखि १२ गतेसम्म Investigative Training on Public Procurement (Officer Level) विषयक तालिम कार्यक्रम केन्द्रीय कार्यालय टंगालबाट Virtual पद्धति मार्फत संचालन गरिएको थियो।

आयोगका तत्कालिन माननीय कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीज्यूले सहभागिहरु सवैलाई सहभागिताको लागि धन्यबाद दिनु हुदै तालिममा सिकेका कुराहरु अनुसन्धानका क्षेत्रमा कार्यान्वयनमा ल्याउन निर्देशन दिनुभयो।

आयोगका सचिव श्री सुरेश अधिकारीज्यूले तालिममा सिकेका कुराहरु कामको दौरानमा अभ्यास गर्नु पर्ने, ज्ञान, सिप तिखार्न यस्ता तालिमहरु निरन्तर आवश्यक हुने, आवश्यकताको आधारमा तालिम संचालन गरिने बताउनु भयो । दक्ष जनशक्तिले नै संगठनलाई बचाउने हुंदा ज्ञान र सिपले सुसज्जित भएर कर्मचारीहरु बस्नु पर्ने बताउनु भयो । सहभागिहरुलाई भ्रष्टाचार नियन्त्रणको लागि आयोगले अवलम्वन गरेको रणनीति तथा कार्यनीतिहरुका साथै अन्तराष्ट्रिय अभिसन्धिहरुको प्रावधान, नेपालले गरेको प्रतिबद्धता र आगामि दिनमा कानूनहरुमा गर्नु पर्ने सुधार र त्यसको लागि आयोगले गरिरहेको तयारीको बारेमा जानकारी दिनु हुदै आयोगको मुल्य, मान्यता, संस्कार र ब्यवहार बुझेर काम गर्न निर्देशन समेत दिनु भएको थियो ।

उक्त तालिममा सार्वजनिक खरिद तथा खरिद विधि, उपभोक्ता समिति, अमानत, अन्य सेवा तथा राशन खरिद सम्बन्धी व्यवस्था को विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयका निर्देशक श्री श्रीधर पन्थी, परामर्शदाता छनौट विषयमा सडक विभागका सिडिई श्री अजयकुमार मुल, लागत अनुमान तयारी, ठेक्का व्यवस्थापन का विषयमा प्राविधिक महाशाखा प्रमुख सु.ई. श्री रामहरि पोखेल, बोलपत्र सम्बन्धी कागजात तयारी, खरिद योजना Collusion and corruption in public procurement विषयमा आयोगमा कार्यरत सि.डि.इ. श्री कृष्णराज पन्थ, स्पेसिफिकेसन लेखन तथा इन्कोटर्म्स विषयमा सडक विभागका सि.डि.इ. अशोक श्रेष्ठ, बोलपत्र प्रक्रिया (Bidding Process), विशेष परिस्थितिमा खरिद, सोझै खरिद सम्बन्धी व्यवस्थातथा गैर सरकारी संस्था छनौट विषयमा शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक श्री पदम मैनाली र बोलपत्र मूल्याङ्कन विषयमा शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक श्री मनिराम गेलालले प्रशिक्षण गर्नुभएको थियो।

निजामतितर्फका ३७ र प्रहरीतर्फका ३ गरी ४० जनाको सहभागिता रहेको उक्त तालिममा योजना महाशाखाका प्रमुख सह-सचिव श्री तारानाथ अधिकारीज्यूले कार्यक्रमको उदेश्य, महत्व, कार्यक्रमको मोड्युल, नियम, विषयवस्तु आदिको वारेमा विस्तृत जानकारी दिनुभएको साथै तालिमबाट संस्थाले लिएको अपेक्षा प्रस्तुत गर्नुभएको थियो।

## ख.आयोग मातहतका कार्यालयहरुको भवन समुद्घाटन

### अ.आयोगको कार्यालय पोखराको नवनिर्मित भवनको समुद्घाटन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ७ मासवार स्थित नवनिर्मित भवनको समुद्घाटन  मिति २०७७।०८।२८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालिन कार्यवाहक प्रमुख आयुक्त श्री गणेशराज जोशीज्यूको प्रमुख आतिथ्यतामा सु-सम्पन्न भयो । ।

समुद्घाटन समारोहमा आयोगका कार्यवाहक प्रमुख आयुक्त श्री गणेशराज जोशीज्यूले आयोगले लिएको ४ खम्बे रणनीति अन्तर्गत संस्थागत सुदृढीकरण समेत रहेको भन्दै अनुसन्धानलाई प्रमाणमा आधारित बनाउन सक्षम जनशक्तिको समेत आवश्यकता पर्ने भएकोले कर्मचारीलाई आवश्यक तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्ने र निर्माण कार्यको गुणस्तर परीक्षणको लागि ल्याब सवै कार्यालयमा स्थापना गर्ने सोच आयोगले लिएको कुरा ब्यक्त गर्नुभएको थियो ।

समुद्घाटन समारोहमा गण्डकी प्रदेशका प्रमुख सचिव श्री विष्णु प्रसाद नेपाल, संघीय आयोजना कार्यान्वयन ईकाई, कास्कीका आयोजना प्रमुख श्री झपट बहादुर थापाले मन्तब्य ब्यक्त गर्नुभएको थियो।

समुद्घाटन समारोहमा विशिष्ट अथितिको रुपमा गण्डकी प्रदेशका प्रमुख सचिव श्री विष्णु प्रसाद नेपाल अतिथिको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालका सह सचिव श्री राजेन्द्र कुमार के.सी. ज्यू, गण्डकी प्रदेशका विभिन्न मन्त्रालयका सचिवज्यूहरु, पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू, संघीय आयोजना कार्यान्वयन इकाई कास्कीका आयोजन प्रमुखज्यू, विभिन्न कार्यालयका प्रमुखज्यूहरु, निर्माण व्यवसायी आशिष/फेवा जे.भी. का विष्णुराज कोइरालाज्यू, भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्था, कास्कीका तिलक पराजुलीज्यू, सुशासनका लागि नागरिक निगरानी संस्था कास्कीका प्रतिनिधि साथै संचारकर्मीहरुको समेत उपस्थिति रहेको थियो ।

आयोगको कार्यालय पोखराका कार्यालय प्रमुख (सह सचिव) श्री विपीन आचार्यको अध्यक्षतामा सम्पन्न उक्त समारोहको संचालन कार्यालयका लेखापाल देवेन्द्र पाण्डेले गर्नु भएको थियो ।

## आ.आयोगको कार्यालय बर्दिवासको नवनिर्मित भवनको समुद्‌घाटन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासको नवनिर्मित भवनको समुद्‌घाटन मिति २०७७/१०/०७ गते बुधबारका दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूको प्रमुख आतिथ्यतामा सु-सम्पन्न भयो ।

आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूले आयोगको चार खम्बे रणनीतिको संस्थागत क्षमता विकास रणनीति अन्तर्गत नै यस कार्यालयको नवनिर्मित भवन उद्‌घाटन गरिएको बताउनुभयो। नेपालको संविधान २०७२ बाट हटाईएको अनुचित कार्यको अनुसन्धान गर्ने क्षेत्राधिकारका साथै सार्वजनिक प्रकृतिका सेवा प्रवाह गर्ने निजी क्षेत्र समेत भ्रष्ट्राचारको अनुसन्धान आयोगबाट नै गर्नुपर्ने भनी आयोगले माग राख्दै आएको र भ्रष्ट्राचार नियन्त्रणका प्रयासलाई अझै बढी प्रभावकारी बनाउनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०७६ तथा भ्रष्ट्राचार निवारण ऐन, २०७६ को मस्यौदा पेश गरेको र भ्रष्ट्राचार विरुद्दको संयुक्त राष्ट्र संघीय महासन्धिका प्रावधानहरु समेत समावेश गरि पेश गरेको विचाराधिन उक्त प्रस्तावित विधेयक छिट्टै पारित हुने विश्वास व्यक्त गर्नुभएको थियो । भ्रष्ट्राचार नियन्त्रणमा देखिएको चुनौती र समस्याहरुको  विरुद्ध लड्न आयोगले हरसम्भव प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दै सुशासन कायम गर्ने अभियानमा सरोकारवाला सबैको साथ र सहयोगको लागि हार्दिक अपिल गर्नुभएको थियो।

कार्यक्रमका विशिष्ट अतिथि आयोगका सचिव श्री सुरेश अधिकारीज्यूले भ्रष्ट्राचार नियन्त्रण गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकल प्रयासले मात्र नभई साझा प्रयासबाट सम्भव हुने भएकाले सबैले आफ्नो दायित्व र कर्तव्यबोध गरेर अघि बढ्नुपर्ने, भ्रष्ट्राचार नियन्त्रणका लागि आयोगले अवलम्बन गर्दै आएको, चार खम्बे रणनीतिमध्येको संस्थागत सुदृढिकरण रणनीति अन्तर्गत नै यस कार्यालय भवन निर्माण गरिएको बताउनुभयो।साथै  सरकारी खर्चमा भईरहेको बेथितिको अन्त्य गर्न जोड दिनुपर्ने, अख्तियारमा उजुरी आउँदैमा डराउन नपर्ने,  गलत नगर्नेलाई आयोगले कारबाही नगर्ने, आयोगले कसैको अनुहार हेरेर कारबाही नगर्ने, यथार्थ बुझेर मात्रै आयोगले कारबाही गर्ने गरेको तथ्य स्पष्ट पार्नुभुएको थियो ।

भवन समुद्‌घाटन कार्यक्रममा बर्दिबास नगरपालिका नगर प्रमुख श्री विदुर कुमार कार्कीज्यू, प्रदेश नं. २ अन्तर्गतका सबै मन्त्रालयका सचिवज्यूहरु, लोकसेवा आयोग, जलेश्वर कार्यालयका कार्यालय प्रमुखज्यू, जिल्ला प्रशासन कार्यालय, महोत्तरी र धनुषाका प्रमुख जिल्ला अधिकारीज्यूहरु, २ नं. प्रदेश प्रहरी प्रमुखज्यू, आयोगका प्रहरी नायव महानिरीक्षकज्यू, सशस्त्र प्रहरी छिन्नमस्ता गणका प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षकज्यू, महोत्तरी जिल्लाको बर्दिबासमा रहेका विभिन्न कार्यालयहरुका कार्यालय प्रमुखज्यूहरु, आयोगको स्थापना दिवस २०७७ को उपलक्ष्यमा आयोजित निबन्ध प्रतियोगिताका विजयी विद्यार्थीहरु/प्रधानाध्यापकज्यूहरू लगायत पत्रकार सहित अन्य आमन्त्रित अतिथिज्यूहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

आयोगको कार्यालय बर्दिवासका कार्यालय प्रमुख (सह सचिव) श्री रामबन्धु सुवेदीको अध्यक्षतामा सम्पन्न उक्त समारोहको संचालन कार्यालयका शाखा अधिकृत नित्यराज भट्टराईले गर्नुभएको थियो।

### ग. आयोगको अनुसन्धान तथा अभियोजन कार्यमा विज्ञान प्रविधिको उपयोग

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो अनुसन्धान तथा अभियोजनको कार्यलाई वस्तुपरक तथा वैज्ञानिक बनाउने हेतुले विभिन्न विज्ञान तथा प्रविधिहरुको प्रयोग गर्दै आइरहेको छ । आयोगमा आफ्नै पोलिग्राफ परीक्षण प्रयोगशाला, इञ्जिनियरिङ्ग प्रयोगशाला साथै फरेन्सिक ल्याब पनि स्थापना भएको छ । यस ल्याबबाट आयोगले आ.व. २०७७।०७८ को दोश्रो त्रैमासिक (कार्तिक-पुस) सम्म कुल ९ वटा विभिन्न साधनहरुको परीक्षण गरेको छ । फरेन्सिक ल्याव परीक्षणको विवरण निम्नबमोजिम रहेको छ।

| सि.नं | विषय | आ.व. २०७७/०७८ प्रथम त्रैमासिक (कार्तिक- पुस) |
|---|---|---|
| १ | मोवाईल | ६ |
| २ | भिडियो | १ |
| ३ | LAPTOP | १ |
| ४ | सि.डि | १ |
| **जम्मा** | | **९** |

- त्यस्तै आयोगमा अनुसन्धानको शिलशिलामा झुठा वोले नवोलेको पत्ता लगाउनको लागि गरिने पोलिग्राफ परीक्षण प्रयोगशालाबाट १० जना झुठ बोलेको साथै ३ जना परीक्षणको लागि असहमत भएको अवस्था देखिन्छ। आ.व २०७७।०७८ को दोश्रो त्रैमासिक अवधिको पोलिग्राफ परीक्षण प्रयोगशाला विवरणलाई निम्न तालिकामा उल्लेख गरिएको छ।

| **२०७७ कात्तिक महिनाको परीक्षण बिवरण** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **परीक्षणको लागि असहमत** | **झुठ बोलको संकेत प्राप्त** | **स्विकार गरेको** | **राय दिन नसकेको** | **सेन्सरले सपोर्ट नगरेको** | **पुरुष** | **महिला** | **जम्मा परीक्षण संख्या** |
| ०२ | ०४ | - | - | - | ०६ | - | ०६ |

| २०७७ मंसिर महिनाको परीक्षण बिवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलको संकेत प्राप्त | झुठ नबोलको संकेत प्राप्त | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | पुरुष | महिला | जम्मा परीक्षण संख्या |
| ०१ | ०५ | - | - | - | ०६ | - | ०६ |

| २०७७ पौष महिनाको परीक्षण बिवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलको संकेत प्राप्त | झुठ नबोलको संकेत प्राप्त | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | पुरुष | महिला | जम्मा परीक्षण संख्या |
| - | ०१ | - | - | - | ०१ | - | ०१ |

| २०७७/२०७८ दोश्रो त्रैमासिक (कात्तिक, मंसिर, पौष) परीक्षण बिवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलको संकेत प्राप्त | झुठ नबोलको संकेत प्राप्त | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | स्विकार गरेको | पुरुष | जम्मापरीक्षण संख्या |
| ०३ | १० | - | - | - | - | १३ | १३ |

आयोगको कामकारवाहीलाई अझै तथ्यमा आधारित र यथार्थपरक बनाउन र आयोजनाहरुको गुणस्तर मापनको लागि आयोगको कार्यालय तथा मातहतका सबै कार्यालयमा समेत Engineering Laboratory स्थापना गरिएको छ। आयोगमा परिक्षण गर्न सकिने नमुनाको परिक्षण आयोगकै Engineering Laboratory मा गरिएको र आयोगमा गर्न नसकिने परिक्षण अन्य सरकारी तथा गैर सरकारी निकायमा Sampling गरी परिक्षणको लागि पठाउने गरिएको छ। दोश्रो त्रैमासिक अवधिमा आयोगमा गरिएको Engineering Laboratory को परीक्षणको विवरण यहाँ प्रस्तुत गरिएको छ।

| क्रम शंख्या: | योजनाको नाम: | परिक्षण : |
|---|---|---|
| १) | सडक बिभाग,सडक विस्तार योजना(उत्तर—दक्षिणसडक)रानी बिराटनगर सडकखण्ड बिराटनगर । | १) Asphaltको Density test. |
| २) | सडक बिभाग सडक डिभिजन काठमाडौं शेषमति पुल, लामाबगर-शिवमन्दिर-जरङखुहुँदै काभ्रस्थलि सम्मको सडक विस्तारको कार्य । | १) Concrete सडक काटी भारबहन क्षमता Compressive Strength मापन । |
| ३) | सडक बिभाग मध्यपहाडी लोकमार्ग ( रुकुम पश्चिम खण्ड) | १) Gabion wallबाट Gabion परिक्षणको लागी sample collection . |
| ४) | सडक बिभाग, सडकविस्तार योजना (साँखु खण्ड ) काठमाडौं । | १) Concrete सडक काटी भारबहन क्षमता(Compressive Strength) मापन ।<br>२) Asphalt सडकमा Bitumen को मात्रा एकीन गर्ने परिक्षण(BitumenExtractionTest)<br>३) Asphalt सडकको thickness परिक्षण ।<br>४) Asphalt core को Density Test . |
| ५) | शहरी विकास तथा भचन निर्माण विभाग अन्तर्गत संघिय संसदभवन निर्माण योजना सिंहदरबार, काठमाडौं। | १) बालुवामा माटोको मात्रा परिक्षण र Sieve Analysis परिक्षण |
| ६) | आयोगको सम्पर्क कार्यालय नेपालगन्ज बाट सडक डिभिजन नेपालगन्जले गरेको गणेशमान चोक (पश्चिम ) परसपुर गौघाट सडक कालोपत्रे । | १) Bitumen Extraction Test)अस्फाल्ट सडकमा bitumen को मात्रा एकीन गर्ने परिक्षण । |
| ७) | आयोगको सम्पर्क कार्यालय नेपालगन्ज बाट संघीय आयोजना | ईँटा/गिट्टी/वालुवा परिक्षण । |

| क्रम शंख्या: | योजनाको नाम: | परिक्षण : |
|---|---|---|
| | कार्यान्वयन ईकाई बाँके बाट निर्मित समसेरगन्ज स्वास्थ चौकी भवन । | |
| ८) | आयोगको सम्पर्क कार्यालय नेपालगन्ज बाट कन्चनपुर मिश्रा ब्रदर्श सडक कालोपत्रे निर्माण कार्य | Bitumen Extraction Test. |
| ९) | आयोगको कार्यालय हेटौडा । | Laboratory समानहरुको ब्यबस्थापन गरी<br>१) concrete core cutting गरी मेशिन संचालन बिधि / पारिक्षण बिधि<br>२) Asphalt core sample को Thickness मापन बिधि<br>३) Bitumen Extraction Test)अस्फाल्ट सडकमा bitumen को मात्रा एकीन गर्ने परिक्षण उपस्थित प्राबिधिकको रोहवरमा सिकाईएको । |
| १०) | आयोगको कार्यालय बुटवल । | Laboratory समानहरुको ब्यबस्थापन गरी<br>१) Asphalt core sample को Thickness मापन बिधि<br>२) Bitumen Extraction Test)अस्फाल्ट सडकमा bitumen को मात्रा एकिन गर्ने परिक्षण मेशिन संचालन बिधि / पारिक्षण बिधि उपस्थित प्राबिधिकको रोहवरमा जानकारी गराईएको ।<br>३) फिल्ड Density परिक्षण को sand Calibaration बिधि उपस्थित प्राबिधिकको रोहवरमा सिकाईएको । |
| ११) | आयोगको कार्यालय पोखरा । | Laboratory समानहरुको ब्यबस्थापन गरी<br>१) Asphalt core sample को Thickness मापन बिधि<br>२) Bitumen Extraction Test)अस्फाल्ट सडकमा bitumen को मात्रा एकीन गर्ने परिक्षण उपस्थित प्राबिधिकको रोहवरमा सिकाईएको । |
| १२) | आयोगको कार्यालय बर्दिबाश महोत्तरी । | १) Laboratory समानहरुको ब्यबस्थापन गरी समानहरुको निरीक्षण मेशिन संचालन बिधि/पारिक्षणबिधि समेत उपस्थित आयोगको प्राबिधिकहरुलाई सिकाईएको । |
| १३) | आयोगको कार्यालय सुर्खेत । | १) Laboratory समानहरुको ब्यबस्थापन |

| क्रम शंख्या: | योजनाको नाम: | परिक्षण : |
|---|---|---|
| | | गरीसमानहरुको निरीक्षण/मेशिन संचालन बिधि/पारिक्षण बिधि समेत उपस्थित आयोगको प्राबिधिकहरुलाई सिकाईएको । |
| १४) | आयोगको सम्पर्क कार्यालय नेपालगन्ज । | १) समानहरुकोनिरीक्षण/परिक्षणगर्ने Standard test बिधिको आयोगको स.ई.को जिम्मा रहेको laptop मा format हरु ब्यबस्थापन गरिएको ।<br>२) EngineeringLabratory भवन निर्माणगर्ने स्थलको अबलोकन/निरीक्षण । |

### *३. आयोगबाट भएका अन्य गतिविधि*

## क.अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तीसौं वार्षिक प्रतिवेदन पेश

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो तीसौं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू समक्ष पेश गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगकका तत्कालिन माननीय कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीले मिति २०७७ साल पुस ०९ गते राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष समारोहकाबीच नेपालको संविधानको धारा २९४ बमोजिम उक्त प्रतिवेदन पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूले आयोगले सम्पादन गरिरहेको दण्डात्मक तथा उपचारात्मक किसिमका कामकारवाहीले जनमानसमा आयोगप्रति सकारात्मक धारणा बन्दै गइरहेको छ भनी आयोगको सक्रियताको लागि धन्यवाद व्यक्त गर्नुभयो साथै भ्रष्टाचार भएपछिको कारबाहीमा मात्र नभई भ्रष्टाचार नै हुन नदिनका लागि निरोधात्मक र प्रवर्द्धनात्मक कामहरुमा समेत उत्तिकै ध्यान दिन आयोगलाई आग्रह गर्नुभयो।

आयोगको प्रतिवेदन पेश गर्नुहुँदै तत्कालिन माननीय कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीले सुशासनसम्बन्धी राज्यका नीति र प्राथमिकता अनुरुप संबैधानिक गरिमालाई उचो राख्दै स्वतन्त्रता, निष्पक्षता र सक्षमता सहित कार्यसम्पादन गर्न आयोग प्रतिवद्ध रहेको बताउनुभयो ।

तीसौं वार्षिक प्रतिवेदन पेश गर्न आयोजित विशेष समाहरोमा आयोगका माननीय आयुक्त डा सावित्री थापा गुरुङ्ग, आयोगका श्रीमान् सचिव, महाशाखा प्रमुखहरु साथै राष्ट्रपति कार्यालयका श्रीमान् सचिव र कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो ।

यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका मातहतका कार्यालयहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तीसौं वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४ को उपधारा(३) बमोजिम सम्बन्धित प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष पेश गरेको छन् ।

## लुम्बिनी प्रदेश

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलले तीसौं वार्षिक प्रतिवेदन लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख धर्मनाथ यादवज्यू समक्ष मिति२०७७ पौष २१ गते पेश गरेको छ।प्रतिवेदन ग्रहण पश्चात माननीय प्रदेश प्रमुखज्यूले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न आयोगले निर्वाह गरेको संवैधानिक दायित्वको मुक्तकण्ठले प्रशंसा गर्दै आयोगको थप सक्रियताको आवस्यकता औंल्याउनु भयो। ।आयोगको तर्फबाट आयोगको कार्यालय बुटवलका प्रमुख सह-सचिव रमेश ढकाल सहितको टोलिले प्रतिवेदनका मुख्य मुख्य बुँदाहरुको प्रस्तुतीकरण सहित तीसौं प्रतिवेदन पेश गरेको थियो।

## २ नं. प्रदेश

आयोगको कार्यालय बर्दिवासले तीसौं वार्षिक प्रतिवेदन २ नं.प्रदेशका माननीय प्रदेश प्रमुख तिलक परियारज्यू समक्ष मिति २०७७/०९/२२ गते पेश गरेको छ।प्रतिवेदन ग्रहण पश्चात माननीय प्रदेश प्रमुखज्यूले कार्यालयको उपस्थितिले तल्लो तहसम्म सबैलाई सतर्क बनाउँदै लगेको बताउँदै माथिल्लो तहलाई पनि अनुशासित र व्यवस्थित गर्ने आँट र साहस गरोस् भन्ने मन्तव्य व्यक्त गर्नुभयो ।आयोगको तर्फबाट आयोगको कार्यालय बर्दिवासका प्रमुख सह-सचिव रामबन्धु सुवेदी सहितको टोलिले प्रतिवेदनका मुख्य मुख्य बुँदाहरुको प्रस्तुतीकरण सहित तीसौं प्रतिवेदन पेश गरेको थियो।

## गण्डकी प्रदेश

आयोगको कार्यालय पोखराले आयोगको तीसौं वार्षिक प्रतिवेदन गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख अमिक शेरचनज्यू समक्ष मिति २०७७/०९/२६ गते पेश गरेको छ । प्रतिवेदन ग्रहण पश्चात माननीय प्रदेश प्रमुखज्यूले आयोगले प्रमाणमा आधारित सुक्ष्म अनुसन्धान गरी सोका आधारमा जुनसुकै दोषी उपर अभियोजन गर्नुपर्ने मन्तव्य राख्नुभयो साथै गण्डकी प्रदेशमा निर्ममतापूर्वक भ्रष्टाचार विरुद्ध आयोग र आयोगको कार्यालय पोखराले भूमिका खेल्नुपर्ने कुरा औंल्याउनु भयो। प्रदेश प्रमुखज्यूले भ्रष्टाचार नियन्त्रण मात्र नभई समाप्त पार्ने सन्दर्भमा आफूले सबै किसिमको सहयोग गर्ने प्रतिवद्धता साथै प्रतिवेदन पेश गरेकोमा आयोगप्रति धन्यवाद समेत व्यक्त गर्नुभयो।आयोगको तर्फबाट आयोगको कार्यालय पोखराका प्रमुख सह-सचिव विपीन आचार्य सहितको टोलिले प्रतिवेदनका मुख्य मुख्य बुँदाहरुको प्रस्तुतीकरण सहित तीसौं प्रतिवेदन पेश गरेको थियो।

## कर्णाली प्रदेश

आयोगको कार्यालय सुर्खेतले आयोगको तीसौं वार्षिक प्रतिवेदन कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख गोविन्द प्रसाद कलौनीज्यू समक्ष मिति २०७७/०९/२८ गते पेश गरेको छ । प्रतिवेदन ग्रहण पश्चात माननीय प्रदेश प्रमुखज्यूले आयोगले राम्रो काम गरिरहेको र आगामी दिनमा कर्णाली प्रदेशभित्र सुशासन कायम गर्न एवं भ्रष्टाचार नियन्त्रण गर्न थप क्रियाशिलता देखाउने अपेक्षा रहेको कुरा व्यक्त गर्नुभयो साथै वार्षिक प्रतिवेदन पेश गरेकोमा आयोगको टिमलाई धन्यवाद दिनुभएको थियो। आयोगको तर्फबाट आयोगको कार्यालय सुर्खेतका प्रमुख सह-सचिव नारायण प्रसाद रिसाल सहितको टोलिले प्रतिवेदनका मुख्य मुख्य बुँदाहरुको प्रस्तुतीकरण सहित तीसौं प्रतिवेदन पेश गरेको थियो।

## *४. आयोगमा रहने कर्मचारी संख्या*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट स्वीकृत भई कायम भएको दरबन्दी तेरिजवमोजिम आयोगको केन्द्र टंगालमा बाह्रवटा महाशाखाहरु सहित ५१२ जनाको दरबन्दी कायम भएको छ । त्यसैगरी मातहत आयोगको कार्यालय ७ वटा र १ सम्पर्क कार्यालय (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज) मा जम्मा ४७८ जनाको दरबन्दी गरी आयोगअन्तर्गत देहायअनुसार कुल ९९० जना कर्मचारी दरवन्दी रहेको छ ।

| श्रेणी/कार्यालय | टंगाल | इटहरी | बर्दिवास | हेटौंडा | पोखरा | बुटवल | नेपालगंज | सुर्खेत | कंचनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रा.प. विशिष्ट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| रा.प.प्रथम | १३ | १ | १ | १ | १ | १ | ० | १ | १ | २० |
| रा.प.द्वितीय | ६४ | ४ | ४ | ४ | ४ | ४ | १ | ४ | ४ | ९३ |
| रा.प.तृतीय | १०७ | १७ | १८ | १७ | १५ | १५ | ८ | १७ | १५ | २२९ |
| **अधिकृतस्तर** | **१८५** | **२२** | **२३** | **२२** | **२०** | **२०** | **९** | **२२** | **२०** | **३४३** |
| रा.प.अनं. प्रथम | ११८ | १७ | १७ | १७ | १७ | १४ | १३ | १६ | १७ | २४६ |
| रा.प.अनं. द्वितीय | २४ | ४ | ४ | ४ | ४ | २ | ३ | २ | ४ | ५१ |
| रा.प.अनं. तृतीय | २६ | ४ | ४ | ४ | ४ | ३ | २ | ४ | ४ | ५५ |
| रा.प.अनं. चतुर्थ | ६४ | ७ | ७ | ७ | ७ | ६ | ४ | ७ | ७ | ११६ |
| श्रेणी विहिन | ९५ | ११ | ११ | ११ | ११ | १० | ९ | १० | ११ | १७९ |
| **सहायकस्तर** | **३२७** | **४३** | **४३** | **४३** | **४३** | **३५** | **३१** | **३९** | **४३** | **६४७** |
| **जम्मा** | **५१२** | **६५** | **६६** | **६५** | **६३** | **५५** | **४०** | **६१** | **६३** | **९९०** |

आयोगको कार्यालय टंगाल र अन्तर्गत कार्यालयमा साविकमा ९२७ स्वीकृत दरबन्दी रहेकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट अत्यावश्यक ६८ पद थप सिर्जना र अनावश्यक ५ पद खारेज भई हाल उक्त ९९० को दरबन्दी कायम हुन आएको छ । आयोगमा उपरोक्त अनुसारको स्वीकृत दरवन्दीमा स्थायी कर्मचारीका अतिरिक्त केही दरवन्दीमा करार सेवा अन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह हुँदै आएको छ । जसअनुसार कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यलय सहयोगी पदमा गरी आयोगमा जम्मा ४५ जना व्यक्तिहरु करारमा कार्यरत रहेका छन् ।

### *५. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०७७/७८ को वजेट विनियोजन र दोश्रो त्रैमासिक अवधिको खर्चको विवरण देहाय अनुसार छ।

| क्र. स. | वजेट उप-शीर्षक | आ.व.२०७७/७ को वार्षिक विनियोजित बजेट रू. | आ.व.२०७७/७ को दोश्रो त्रैमासिकमा जम्मा खर्च रू. |
|---|---|---|---|
| १ | चालु खर्च (२०६०००११३) | ५५,५६,५२,००० | ७,६६,०८९४३.१२ |
| २ | चालु खर्च (२०६००००१३) | ९९,००,०००। | ५,११,९६५२।४६ |
| ३ | पुँजीगत २०६०००११४ | २०,४५,३०,०००। | ९,८६,४८१.९२ |
| | **जम्मा** | ७७,००,८२,०००। | ७,८१,०७,०७७.५ |

साथै आर्थिक वर्ष २०७७/७८ दोश्रो त्रैमासिक अवधिको धरौटीको विवरण देहायअनुसार छ।

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | प्रथम त्रैमासिक अवधिसम्मको मौज्दात रकम रू. | ४,०३,१९,१२८।७० |
| २ | यस आ.व. २०७७/७८ को दोश्रो त्रैमासिक अवधिमा मा प्राप्त आम्दानी रकम रू. | २७,२५,३३६।९० |
| ३ | यस आ.व. २०७७/७८ को दोश्रो त्रैमासिक अवधिमा धरौटी फिर्ता तथा सदर स्याहा भएको रकम रु. | ३०,९३,१६१ |
| ४ | जम्मा वाँकी  मौज्दात रकम रु. | ३,९९,५१,३०४।६० |

आर्थिक वर्ष २०७७/७८ को दोश्रो त्रैमासिक अवधिको राजश्व आम्दानीको विवरण देहायअनुसार छ।

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त आम्दानी | १५० |
| २ | विद्युत सेवा शुल्क | ० |
| ३ | न्यायिक दस्तुर | १४० |
| ४ | अन्य प्रशासनिक सेवा शुल्क | ७२,००० |
| ५ | प्रशासनिक दण्ड जरिवाना र जफत | १,७०,००० |
| ६ | बेरूजु | १,८८,००० |
| ७ | गत त्रैमासिकको नगद मौज्दात | ० |
| | **जम्मा** | ४,३०,२९० |

### *६.सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिएको विषय*

आयोगमा यस आ.व. को दोश्रो त्रैमासिकमा सूचना माग गरि जम्मा ४४ वटा निवेदन परेको र उक्त निवेदन उपर कारबाही हुँदा ३६ वटा निवेदनका निवेदकले माग गरे बमोजिम सूचना प्राप्त गरेको अवस्था छ । उक्त निवेदनहरु मध्ये ६ वटा निवेदन असम्बन्धित ब्यक्तिले असम्बन्धित विषयमा सूचना माग गरेको पाइएकोले सूचना उपलब्ध गराउन सकिएन । साथै २ वटा निवेदन कारबाहीको प्रक्रियामा रहेका छन् ।

### *७. आयोगको वेबसाइट र सोको विवरण*

आयोगको वेवसाइट www.ciaa.gov.np रहेको छ । उक्त वेबसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, गठन, सांगठनिक संरचना, आयोग मातहतका कार्यालयहरुको विवरण, ऐन कानून, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरु सूचीकृत गरिएको छ । यसका अलावा अनलाइन मार्फत उजुरी प्रेषित गर्ने व्यवस्थासमेत मिलाइएको छ । २०७२ माघ महिनादेखि आयोगको हटलाइन १०७ मार्फत उजुरी गुनासाहरु सम्प्रेषण गर्न सकिने व्यवस्था मिलाइएको छ । यसका साथै आयोगको Android मोबाइल एप्लिकेसन FACCIAA (Fight Against Corruption) समेतबाट उजुरी तथा गुनासाहरु सजिलैसगँ आयोगमा संप्रेषण गर्न सकिने व्यवस्था गरिएको छ । आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAA मार्फत आयोगका प्रेस विज्ञप्ति सार्वजनिक गरी सूचना संप्रेषण गर्ने व्यवस्था गरिएकोछ ।

गुनासो/उजुरीका लागि

हटलाइन नं.: १०७ (उजुरीको लागि)

टोल फ्रि नं.: १६६०-०१-२२२३३ (उजुरी को लागि )

टेलिफोन नं.: ०१-५२६२१५१ (सामान्य प्रशासकीय विषयका लागि)

भाइबर नं.: +९७७-९८६३३३३१९१ (भाइबर/SMS मार्फत उजुरीका लागि)

फ्याक्स नं.: ०१-५२६२१०४/५२६२१२८ (फ्याक्स गर्नका लागि)

ईमेल : ujuri@ciaa.gov.np (ईमेल माफत उजुरीका लागि)

फेसबुक: /NepalCIAA (उजुरी Messages गरेर)

ट्विटर: @ciaa_nepal (उजुरी Messages गरेर)

हुलाक मार्फत वा आयोगमा आफैं उपस्थित भएर

सूचनाको हकसम्बन्धी ऐन, २०६४को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल**

## *१. आयोगको स्वरुप र प्रकृति*

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्नको लागि नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ । जस अनुसार आयोगमा प्रमुख आयुक्त र अन्य चारजना आयुक्तहरु रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भै काम गर्ने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने प्रावधान छ। आयोगका प्रमुख आयुक्त र आयुक्तको पदावधी नियुक्तिको मितिले छ वर्षको हुनेछ । प्रमुख आयुक्त र आयुक्त ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ ।

संविधानको धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था छ ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरु**

| | |
|---|---|
| माननीय प्रमुख आयुक्त | प्रेम कुमार राई |
| माननीय आयुक्त | डा. सावित्री थापा गुरुङ |
| माननीय आयुक्त | किशोर कुमार सिलवाल |
| माननीय आयुक्त | जय बहादुर चन्द |

आयोगको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा रहेको छ । आयोग मातहत देहायका ७ वटा कार्यालयहरु र एउटा सम्पर्क कार्यालय रहेका छन् ।

| सि. नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं | हट लाइन नं. १०७<br>०१५२६२१५१ | ०१-५२६२१२८<br>०१५२६२१०४ |

| सि. नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२१७४४ | ०५७-५२०३६९ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५४०४५१ | ०६१-५४०४५२ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-५४०८३७<br>०७१-५४००३१ | ०७१-५४०८२३ |
| | क. बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | ०८१-५५०६२६,<br>०८१-५५०६२७ | ०८१-५५०४२६ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६०<br>०८३-५२३१७८ | ०८३-५२३८८४ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३<br>०९९-५२१११७ | ०९९-५२२७९५ |

## *२.आयोगको काम, कर्तव्य र अधिकार*

नेपालको संविधानको भाग २१ को धारा २३९ बमोजिम "(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारवाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउने सम्बन्धी व्यवस्था रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरुप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ । जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेको छन्ः

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने ।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने ।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय, आपसी सहयोग र सम्वन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्वन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

## ३.आयोगबाट प्रदान गरिने सेवा

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्ने व्यवस्था रहेअनुसार भ्रष्टाचार सम्बन्धी प्राप्त हुने उजुरी आयोगका सबै कार्यालयहरुमा दर्ता गर्ने व्यवस्था गरिएको छ ।

आयोगमा विचाराधिन अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित कागजात र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो कागजातको नक्कल उपलब्ध हुदैन । त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारवाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा कुनै सूचना उपलब्ध हुदैन ।

तर आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिलसंलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

यसैगरी आयोगमा दर्ता गराएको कुनै उजुरी वा आयोगको कुनै कामकारवाही उपर सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारवाहीलाई प्रतिकूल असर नपार्ने गरी सूचना उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

## ४.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

भ्रष्टाचार सम्बन्धी उजुरी दर्ता गर्नका लागि आयोगको मुल दर्ता शाखा जिम्मेवार रहन्छ । हटलाइन १०७ मा आउने उजुरीका लागि प्रहरी महाशाखाका साथै टोल फ्रि, भाइवर तथा इ-मेल मार्फत आउने उजुरीका लागि नीति तथा योजना महाशाखा जिम्मेवार रहन्छन् ।

आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिलसंलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल उपलब्ध गराउन आयोगको तामेली शाखाको शाखा प्रमुख जिम्मेवारी हुन्छन् ।

यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगको सूचना समन्वय शाखा प्रमुख एवं सूचना अधिकारीको हुन्छ ।

## ५.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगबाट प्रदन हुने सेवाका लागि सामान्यतय कुनै शुल्क दस्तुर लाग्दैन ।

सरोकारवाला नेपाली नागरिकले अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग्न आएमा प्रति पाना रु. ५/- दस्तुर लाग्ने र निवेदन दिएको भोलीपल्ट सम्बन्धित सरोकारवाला नेपाली नागरिकले सेवा पाउन सक्दछन् ।

सरोकारवाला नेपाली नागरिकले सूचनाको हक अन्तर्गत सूचना माग्न आएमा सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधी लाग्ने तथा दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्दछ ।

## ६.निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. उजुरी सम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरु दर्ता पश्चात स्क्रिनिङ्ग कमिटीमा उजुरीको सम्बन्धमा छलफल भै अनुसन्धान गर्नु पर्ने उजुरीहरु सम्बन्धित महाशाखा, आयोगका कार्यालयहरु वा नेपाल सरकारका अन्य उपयुक्त कार्यालय वा पदाधिकारीहरुमा लेखी पठाउन र तामेलीमा राख्ने उजुरीहरु तामेलीमा राखी लगत कट्टा गर्न सिफारिश भएका आधारमा आयोगबाट निर्णय हुने गर्दछ ।
- स्क्रिनिङ्ग कमिटी, महाशाखा वा मातहतका कार्यालयहरुको सिफारिसमा प्रारम्भिक छानबिन वा विस्तृत अनुसन्धान गर्ने गरी आयोगबाट निर्णय हुने गर्दछ ।
- अनुसन्धान अधिकृतको सिफारिसको आधारमा सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने सम्बन्धमा आयोगबाट निर्णय हुने गर्दछ ।

### ख. नक्कल र सूचना लिने सम्बन्धी प्रक्रिया

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूचि १५ वमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्ने ।
- निवेदन साथ वादी र आरोपित व्यक्तिको नाम तथा विवरण सहित सरोकार देखिने व्यहोरा खुलाउनु पर्ने ।
- निवेदनमा कुन-कुन कागजको नक्कल चाहिएको हो त्यसको विवरण खुलाउनु पर्ने ।
- सकेसम्म तामेलीमा रहेको मिसिलको तामेली नम्वर खुलाउनु पर्ने ।
- नक्कलका लागि परेको निवेदन माथि कारवाही भई नक्कल दिने निर्णय भएपछि तामेली शाखा प्रमुखले तोकि दिए बमोजिमको शुल्क आर्थिक प्रशासन शाखामा बुझाएको रसिद संलग्न गर्नुपर्ने ।

- नक्कलको लागि शुल्क बुझाएको दिनमा नै प्रमाणित नक्कल सरोकारवाला सेवाग्राहीले पाउने ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सम्बन्धित सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा निर्दिष्ट ढाँचा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्ने ।
- आयोगमा दिएको उजुरीको सम्बन्धमा सूचना माग गर्ने सरोकारवालाले उजुरी दर्ता नम्वर अनिवार्य रुपमा खुलाउनु पर्ने ।

*ग. **निर्णय गर्ने अधिकारीः** सूचनासँग सम्बन्धित बिषयको प्रकृतिअनुसार आयोगका सचिव एवं आयोग ।*

### *७. निर्णय उपर उजुरी सुन्ने अधिकारी*

सचिव श्री सुरेश अधिकारी

### *८. प्रमुख, प्रवक्ता एवं सूचना अधिकारीको नाम र पद*

**प्रमुखः-** सचिव श्री सुरेश अधिकारी

**सह-सचिव एवं प्रवक्ताः-** श्री नारायण प्रसाद रिसाल ९८५१२३३२८१

**सूचना अधिकारीः-** उप-सचिव श्री वेदप्रसाद भण्डारी ९८५११८७३०८

**सहायक सूचना अधिकारीः-** शाखा अधिकृत श्री राम प्रसाद आचार्य

आयोग मातहतका ७ वटा कार्यालयहरुका (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज समेत) सूचना अधिकारीहरुको नाम र सम्पर्क टेलिफोन नं. देहाय अनुसार रहेको छ ।

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलीफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ. कार्यालय, इटहरी | उप-सचिव श्री पुरुषोत्तम ढकाल | ९८५२०७०३३३ |
| अ.दु.अ.आ. कार्यालय, बर्दिवास | उप-सचिव श्री मणिराम ज्ञवाली | ९८५४०७९१११ |
| अ.दु.अ.आ. कार्यालय, हेटौडा | उप-सचिव श्री महेशराज तिम्सिना | ९८५११६१७७७ |
| अ.दु.अ.आ. कार्यालय, पोखरा | उप-सचिव श्री मेघनाथ रिजाल | ९८४८२५६४४४ |
| अ.दु.अ.आ. कार्यालय, बुटवल | शा.अ. श्री सुरेश भुसाल | ९८५७०६३१४६ |
| अ.दु.अ.आ. कार्यालय, सुर्खेत | उप-सचिव श्री रमेश गौतम | ९८५८०७३६६६ |
| अ.दु.अ.आ. कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | शा.अ. श्री लोकमणि पाण्डे | ९८५८०४५७८८ |
| अ.दु.अ.आ.कार्यालय, कन्चनपुर | उप-सचिव श्री टोप बहादुर विष्ट | ९८५८७५२३७७ |

## ९. *संविधान,ऐन,नियम, विनियम वा निर्देशिकाको सूची*

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली,२०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७६
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९

## १०. *तोकिए बमोजिमको अन्य विवरण*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अघिल्लो आ.व. मा प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरु देहाय बमोजिम रहेका छन्:

- आयोगको २९ औं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७५/७६)
- आयोगको तीसौं वार्षिक प्रतिवेदनको सारांश
- संस्थागत रणनीतिक योजना आ.व. २०७६/७७ – २०८०/८१
- स्मारिका २०७६
- अख्तियार इ-बुलेटिन
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजीरहरुको सारसंक्षेप २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता, २०७६

## ११. *अघिल्लो आ.व. मा सञ्चलित कार्यक्रमहरु*

- सामुदयिक शिक्षा कार्यक्रम
- अन्तरक्रिया कार्यक्रम
- समन्वय बैठक
- बैदेशिक तालिम तथा अवलोकन भ्रमण
- कानूनमा सुधारका लागि अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस
- अनुसन्धानका लागि आधारभूत तालिम कार्यक्रम
- आयोगको स्थापना दिवस कार्यक्रम

## *१२. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.व. २०७६/७७ मा भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न गरेका कार्यहरुको तीसौं वार्षिक प्रतिवेदन २०७७ पुस ०९ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको उक्त प्रतिवेदन प्रकाशित हुने तयारीको क्रममा रहेको छ ।

## *१३. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि*

सूचनाको हक सम्बन्धी ऐन, २०६४ आयोगसँग सम्बन्धित ऐन, नियमावलीमा गोप्य रहने भनि उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरु आयोगको वेबसाईट मार्फत् र सामाजिक संजालमा समेत दैनिक प्रकाशन गरी जानकारी गराउने गरिएको छ । साथै आयोगले नेपाल टेलिभिजनसँग मिलेर २०७६ साउनदेखि प्रत्येक हप्ता मंगलवारका साँझ ७:२५ देखि आधा घण्टाको टेलिभिजन कार्यक्रम “**सुशासन सवाल**” उत्पादन र प्रशारण गर्दै आइरहेको छ ।